9 771227 73 7969

(साहित्य कला र संस्कृति : सबैको साझा सम्पत्ति)

# शब्दाङ्कुर

(साहित्यप्रधान मासिक)



फागुन २०७८

२४५

(साहित्य, कला र संस्कृति : सबैको साझा सम्पत्ति)

# शब्दाङ्कुर

(साहित्यप्रधान मासिक)

## २०७८ फागुन (Feb-Mar 2022)

वर्ष २१ अङ्क ५ पूर्णाङ्क २४५ (Year 21 Issue 5 Total issue 245)

संस्थापक संरक्षक : प्रा. राजेन्द्र सुवेदी (हाल दिवङ्गत)
सल्लाहकार : प्रा.डा. गोविन्दराज भट्टराई र प्रा.डा. जीवेन्द्रदेव गिरी

| | | |
|---|---|---|
| प्रधान-सम्पादक | : | धीरकुमार श्रेष्ठ |
| सम्पादक | : | भोगेन्द्र लिङ्देन, गोविन्द घिमिरे, टेकेन्द्र चेम्जोङ र सागर फुयाँल |
| कला संयोजन | : | राजेश मानन्धर |
| व्यवस्थापन | : | तुलसीकुमार कन्दङ्वा |
| वेब प्रायोजन | : | https://pustakalaya.org<br>http://bit.ly/sabdankur |
| आवरण फोटो | : | अस्ट्रिच |
| ISSN | : | 2773-7969 |

मूल्य रु. २५/-

### प्रतिनिधि

प्रकाशचन्द्र निङ्लेकु, अस्ट्रेलिया prakash_ningleku@yahoo.com; लक्ष्मीकृष्ण श्रेष्ठ, महेन्द्र बहुमुखी क्याम्पस, धरान, सुनसरी; अरुणबहादुर खत्री 'नदी' ०१-४३५३५९४, सामाखुसी साहित्य समाज, काठमाडौँ; एकल यात्री ९८४९-७३३६२८, काठमाडौँ; पेशल आचार्य, ९८४४०-४४०८३, मन्थली उच्च माध्यमिक विद्यालय, रामेछाप; उमेशजङ्ग रायमाझी ९८५१०-१०३६७, काठमाडौँ; प्रेम ओझा, कञ्चनजङ्घा एकेडेमी, फिदिम, पाँचथर; ९७४२६०१८२३ र ९८५२६८१०२३, राजेशकुमार अर्याल, धवल पुस्तकालय, तानसेन, पाल्पा, पुष्करराज भट्ट, ९८४९-२२५८८३, जयमालिका कलेज, धनगढी, कैलाली; लोकेश साउद, ९८४८-८४५८९८, दशरथ चन्द नपा, वडा नं. १ शाहीलेक, बैतडी; प्रदीप प्रधान, ९८४७०-२७२ ९३, ९८०४४३६९०९ पञ्चरत्न फेन्सी स्टोर्स, अमरपथ, बुटवल, रूपन्देही र मोतीबहादुर भुजेल, ९८४६०-२७२१८ र ९८५६-०३०५२५ मुनाल स्टोर्स, चिप्लेढुङ्गा ४ पोखरा, कास्की र दीपक सुवेदी, गौरादह ४, झापा र श्रीराम राई, ९८४३७९२५५८ दोर्पा २, चिउरीडाँडा, सिर्जनाकुञ्ज, खोटाङ, कुमार काफ्ले, सिद्धिचरण पुस्तकालय, यसम, ओखलढुङ्गा माधव अधिकारी, ९८४३५७१८८२, नागार्जुन कम्युनिकेसन, नागार्जुन ५, सीतापाइला, काठमाडौँ, काजी रोशन, ९८४७-६२१३०९, ०६८-५२०२०४, बागलुङ

## यस अङ्कभित्र

### गजल/कविता/युग्मक

गजल : इन्दिरा चापागाईं ३; रात बाक्लिँदै छ–पत्रपत्र : विश्व सिग्देल ५; पीडाहरूको आत्मदाहः उद्धवगोपाल श्रेष्ठ ६; अशोक रोकाका तीन कविता ८; सञ्जय सुमनका तीन कविता ९; बेलुनहरू : वासु पन्थी 'देवस्मृति' १०; युग्मक : विमल खतिवडा 'माइला' ११; विधार्थी जीवन : निबा मिश्र १५; गजल : दीपेन्द्र श्रेष्ठ २२; गजल : अरविन्द कुमार यादव 'कवि' २५;

### कथा/लघुकथा/विचार/नियात्रा/निबन्ध/डायरी/समालोचना

नारी जगत् : नन्दलाल आचार्य १२; षड्यन्त्र : राम विनय १३; ऊ अर्थात् एउटा बुबा : कमल सिलवाल १६; जानेर जानी नसक्नु छ मान्छे : कृष्ण प्रधान १८; बाटाघाटाविनाको सुन्दर आधुनिक गाउँ : सन्तोष रावत २३; देश : छायादत्त न्यौपाने 'बगर' २६; कोरोना कहरको क्रन्दन : रामदयाल राकेश २८ र 'ओरालोको सिलसिला' लघुकथासङ्ग्रहको अध्ययन : डा. शेखरकुमार श्रेष्ठ ३० ।

**पत्रिकाको ठेगाना**
sabdankur@gmail.com/sabdankur58@yahoo.com
काठमाडौँ, नेपाल मोबाइल नं. ९८४१–३६२०३२

**वितरक :** साहित्यिक पुस्तक पत्र पत्रिका सप्लायर्स, चावहिल, काठमाडौँ ०१-४४९७३५१/९८४१-१४४९६७/९८४९-७२९६७६

**विशिष्ट सदस्य**

सीता सापकोटा (काठमाडौँ) र इन्दिरा चापागाईं (सङ्खुवासभा)

**आजीवन सदस्यहरू**

नर्मदेश्वरी सत्याल (सङ्खुवासभा), प्रा.डा. गोविन्दराज भट्टराई (पाँचथर), भोगेन्द्र लिङ्देन (झापा), धीरकुमार श्रेष्ठ (सप्तरी), गोविन्द घिमिरे (सिन्धुपाल्चोक), राजेशकुमार लिम्बु (तेह्रथुम), समीर शाह दाङ), सुभाषचन्द्र भण्डारी (कैलाली), हरिप्रसाद भण्डारी (गुल्मी), डा. रामप्रसाद ज्ञवाली (गुल्मी), रामदेव पाण्डे (अर्घाखाँची), देवीप्रसाद नेपाल (झापा), विश्वराम सिग्देल (काभ्रेपलाञ्चोक), छविरमण सिलवाल (काभ्रेपलाञ्चोक), प्रा.डा. कुमारप्रसाद कोइराला (ओखलढुङ्गा), नन्दलाल आचार्य (उदयपुर), अनन्त वाग्ले (काभ्रेपलाञ्चोक), लक्ष्मीकृष्ण श्रेष्ठ (धनकुटा), ध्रुव नेपाल (पाल्पा), मुकुन्द पोखरेल (भक्तपुर), नारायणप्रसाद रिमाल (पर्वत), मदनबहादुर पाठक (सर्लाही), अमरकुमार प्रधान (दोलखा), रामविक्रम थापा (खोटाङ), जी.के.एन. खडेरी (ललितपुर), मणिराज सिंह (महोत्तरी), अनिल श्रेष्ठ (तनहुँ), रामकृष्ण दुवाल (काठमाडौँ), इन्द्रकुमार श्रेष्ठ (ओखलढुङ्गा), मोतीबहादुर भुजेल (कास्की), प्रेमराज लुइँटेल (स्याङ्जा), सगुन श्रेष्ठ (दोलखा), डा. तुलसीप्रसाद भट्टराई (ताप्लेजुङ), निरञ्जन रिजाल (धादिङ), अनिलचन्द्रश्रेष्ठ (दोलखा), डिल्लीराम राई (खोटाङ), प्रा.डा. जीवेन्द्रदेव गिरी (सुर्खेत), टेकेन्द्र चेम्जोङ (झापा), हरि गौतम (पाँचथर), अविनाश श्रेष्ठ (आशाम, भारत), केशव भट्टराई (मोरङ), विन्दु दाहाल 'मुकदर्शक' (झापा), विष्णु न्यौपाने (झापा), नरपति पाण्डे (झापा), लेखनाथ न्यौपाने (झापा), दीपक सुवेदी (झापा), टङ्कबहादुर आलेमगर (उदयपुर), मधुर भट्टराई (महोत्तरी), यादव भट्टराई (पाल्पा), घनबहादुर, कुमार काफ्ले (ओखलढुङ्गा), दिव्य गिरी (ललितपुर), सुरेश काफ्ले 'बिदारक' (सुनसरी), निरञ्जन त्रिपाठी (काठमाडौँ), श्रवणकुमार ढुङ्गाना (रूपन्देही), प्रा.डा. कृष्णप्रसाद घिमिरे (अर्घाखाँची), सागर फुयाँल (काठमाडौँ), कृष्ण प्रधान (पाँचथर), दीन पन्थी (गुल्मी), शेखरकुमार श्रेष्ठ (काठमाडौँ), वासु पन्थी (दाङ) ...

# विद्युतीय प्रतिक्रिया

सर्वप्रथमतः सम्पादक मित्रहरू, मेरो नाम  विशिष्ट सदस्यमा राखिदिनुहोला । सबै विवरण इमेलमा पठाएको छु । रकम गोविन्दबाट हुँदै छ । मेरो सानो प्रस्ताव, शब्दाङ्कुर २१ औँ वर्ष प्रवेश गरेको अवसरमा नयाँ प्रतिभालाई प्रोत्साहन होस् भनेर कुनै विधाको प्रतियोगिता गराई उत्कृष्ट रचनालाई पुरस्कृत गर्दा कसो होला ? रकम मेरो तर्फबाट हुने छ ।

प्रकाशचन्द्र निङ्लेकु, झापा, हाल : अस्ट्रेलिया

तपाईंले पठाउनुभएको शब्दाङ्कुरको गत अङ्क आद्योपान्त हेरेँ । राम्रा, राम्रा कविता, लघकथा, नियात्रा, पुस्तक समीक्षाका साथै साहित्यिक गतिविधिको संयुक्त सँगालो रहेछ यो अङ्क । केही हप्ताअघि लेखनाथ पुस्तकालयको आयोजनामा होम सुवेदी, हरिप्रसाद न्यौपाने र मेरो पुस्तक विमोचन गरिएको खबरलाई पनि स्थान दिनुभएको रहेछ, सारै खुसी लाग्यो । शब्दाङ्कुर टिमलाई हार्दिक आभार र धन्यवाद दिन चाहन्छु ।

लोकप्रिय प्रकाशनमा आफ्नो पनि केही भावना पोखौँ भन्ने मनसायचैँ नभएको होइन, रचनाहरू तयार पार्ने जमर्को पनि नगरेको होइन तर पनि नयाँ केही दिन सकेको छुइनँ । एकातिर कोरोनाको कहर र अर्कोतिर आफ्नै केही प्रकाशनलाई प्रवर्धन गर्ने समस्याले समय पनि नजानिँदो तरिकाले त्यसैमा बितिरहेछ । अहिले म **हिँडाइ र भोगाइ** अनि मेरो अनुसन्धान यात्राको अङ्ग्रेजी संस्करण **खम्बुज वे– क्रसरोड इन न्यु ल्यान्ड्स**लाई व्यवस्थापन गर्न कोसिस गरिरहेकोले अन्य सोच्न सकिरहेको छुइनँ । यसर्थ केही वर्षपहिले लेखिएका केही कविता नत्थी गरी पठाएको छु ।

खम्बु

**गजल**

## *गजल*



इन्दिरा चापागाईं

मुनामदनकै अमरप्रेमको कहानी मन पर्छ
गालामा तिम्रो म्वाइको निसानी मन पर्छ ।

ममाथि होस् केवल तिम्रै मायाप्रेमको
शासन, प्रशासन अनि राजधानी मन पर्छ ।

तिम्रो प्यारो साथ अनि न्यानो अँगालो
तिम्रै दाहिने हातको सिरानी मन पर्छ ।

सुखदुःख त यस्तै हुन् जीवनका दुई पाटा
औँसीको रातपछिको बिहानी मन पर्छ ।

एकअर्काको मातले प्रणयमा हराउँदा
कहिल्यै नरित्तिने त्यो जवानी मन पर्छ ।

# हाम्रो अभिमत

समयको अस्तित्व कहीँकतै अनुभव गर्न सकिन्न । यो अनुभवभन्दा पर छ । हामी जसलाई अनुभव भनिरहेका हुन्छौँ त्यो थाहै नपाई हाम्रो हातबाट लगातार चिप्लिरहेको हुन्छ । चिप्लिरहेको समयलाई पनि अनुभव गर्न सक्तैनौँ । अनुभव गरिहालूँ न त भनेर यसो निःशब्द भएर बस्यो भने पनि यसले आफूलाई अनुभव हुन दिँदैन । यसैले अनुभवेय छैन समय । कसैका लागि आफू अनभवेय होइयोस् भन्ने पनि यो चाहँदैन । चाहना, इच्छा, आकाङ्क्षाभन्दा पर छ यो । यी सबमा यसलाई भेटाउन सकिन्न । भेटाउन खोजेर पनि भेटाउन नसकिने यस्तो समयलाई भेटाउनेभन्दा पनि यससँगसँगै हिँड्न भने सकिएला तर यो पनि पूर्णतः सम्भव छैन । उसको रफ्तारसँग हाम्रो रफ्तार मिल्न कदापि सक्दैन । उसको एकनासको निरन्तरतासँग हाम्रो दैनिक सम्पन्न गर्नुपर्ने क्रियाकलापको तालमेल मिल्दै मिल्दैन । जति मिलाउन खोजे पनि समयसँगसँगै कदममा कदम मिलाएर हिँड्नु भनेको असम्भव नै हुन्छ । ऊ जति हिँड्दा पनि थाक्दैन । उसको शब्दकोशमा थकान भन्ने शब्द नै छैन । यसर्थ उसका लागि विश्राम आवश्यक पर्दैन । उसका लागि उकालोओरालो र भिरपहरा हुँदैन तर हामीसँग यी सबै कुरा हुन्छन् । यसैले हाम्रा लागि विश्राम आवश्यक पर्छ । हाम्रा बाटामा उकालाओराला र भिरपहराहरू क्षण क्षणमा प्रकट हुन्छन् । त्यो चाहे भौतिक रूपमा होस् अथवा मानसिक रूपमा । अझ हाम्रा लागि त भौतिकभन्दा पनि मानसिक धरातल कठिन हुन्छ यात्रारत रहनका लागि । तिनले पाइलैपिच्छे काँढेतारको रक्तमुछेल पदपथ तयार गर्न बेर लाउँदैनन् । यसले गर्दा समयसँगसँगै यात्रा हाम्रा लागि कठिन मात्र होइन असम्भव छ । यद्यपि समयको गतिमान् गतिलाई भने हामीले सम्मान गर्नै पर्छ । यसले हामीलाई गतिशीलता दिन्छ । एकै ठाउँमा जमेर बसिराख्ने प्रदूषित पानीको सट्टा निरन्तर बगिरहने कञ्चन पानीको जीवन दिएर ऊर्जावान् बनाइराख्न सहयोगी सिद्ध हुन्छ । ठाउँ ठाउँ विश्राम लिएर भए पनि अगाडि बढिरहने प्रेरणा दिन्छ । यो हाम्रा लागि सकारात्मक हो । सकेको गति कायम गरिराखेर अगाडि बढिराख्नु र आफूलाई एकै ठाउँ जडवत् राखी नराख्नु हाम्रा लागि फलदायी उपलब्धि साबित भएको छ । यसले नै हो, मानिसलाई हिजोको जङ्गली अवस्थादेखि आजको विज्ञान र प्रविधिको युगसम्म पुग्नका लागि सघाएको । यो नहुँदो हो त हाम्रो गति पनि त्यस्तै हुने थियो जस्तो सृष्टिकालदेखि आजसम्म अन्य प्राणीको छ । तिनीहरूको यथावस्थाको सिकार हामी पनि हुने नै थियौँ । यसैले यो गतिलाई हामीले समयसँगसँगै कायम राख्न नसके पनि सकेको गति कायम गरिराख्नु सदा जरूरी भइराखेको हो । यसैले नै हो हामी मानिसलाई अन्य प्राणीभन्दा फरक पार्न सघाएको । यो नहुँदो हो त हाम्रो आजको अस्तित्व र अवस्थाको कल्पनासम्म पनि असम्भव हुँदो हो । यसैले गतिमान समयको गतिबाट हामीले धेरै कुरा सिक्न सक्छौँ । यद्यपि समयले हामीलाई कुनै कुरा सिकाइराखेको हुँदैन । यो त केवल आफ्नै रफ्तारमा गतिमान् भई मात्र रहन्छ । यो न हाम्रो शिक्षक हुने रुचि राख्छ न त केही सघाउन सिकाउँछ । यसले नसिकाए पनि हामीले यसबाट गतिको नियम सिक्नै पर्छ । यसो भए मात्र हामीले हाम्रो जीवनलाई सहस्रांशको अल्पांशमा भए पनि सफल पाऱ्यौँ भन्न सक्छौँ । होइन भने हाम्रो जीवन सार्थक सिद्ध नहुन सक्छ ।

**– प्रधान सम्पादक**

कविता

# रात बाक्लिँदै छ-पत्रपत्र

विश्व सिग्देल

रात
बाक्लिँदै छ-पत्रपत्र
झ्याल खोल्छु
तत्काल कुकुर तारा निल्छ

'मेरो कोठाभन्दा बाहिर
संसार नभए 'नि हुने
सूर्य उदाउँदा
जून-तारा खटप्वालमा राख्नेथेँ
सूर्य खोपामा लुकाउँनेथेँ
जून-तारा लाग्दा

'मेरो आँगनभन्दा पर
अर्को आँगन नभए 'नि हुने
मेरा भविष्य, गर्भका बालकहरू
निर्धक्क छोड्ने थिएँ आँगनमा
हस्तिहाडका शरीरमा
छिटा नपरे रगतका
तुइने थिएनन् गर्भ

'आफूभन्दा अर्को मानिस
नभए 'नि हुने ।'

म, ओथारा बसेकी कुखुरी, गर्भिणी सिंहिनी
बच्चा पाएकी बिराली
रगतका कट्कटिएका टाटामाथि
स्तनपान गराइरहेकी आमा

रात बाक्लिँदै छ-पत्रपत्र
झ्याल खोल्छु
तत्काल कुकुर, तारा निल्छ ।

(bishwasigdelsis@gmail.com)

कविता

# पीडाहरूको आत्मदाह

उद्धवगोपाल श्रेष्ठ
(रङ्गेली, सिक्किम, भारत)



भयातुर मुटुले प्रेमको
नसा लुछिसक्यो
भिसुभियस नै सल्बलाएको
छातीभित्रबाट
उच्छवासको धमनी विस्फोट भइसक्यो

प्रिय बेज्जियो* !
तिम्रो पाइलामा नाचेर
बलको शैलीहरूसँग
हुर्केको चउर र टापुहरूले
जुन लयको सौन्दर्य पाइरह्यो
एक्कासि
आज स्तब्ध छ

तिम्रो पाइलामा सायद
बाह्र बजे मध्यरातको
शून्य घडीझैँ निस्तब्ध पल छ

ग्रेटवालबाट हुर्रिएर सुनामीजस्तो
आयातित महामारीले
तिम्रो चउरको गोलपोस्टभित्र
छक्याएर पेनाल्टी गोल गरिसक्यो

र,
एकै पिँढीका बुढा आँखाहरू
अर्को बेज्जियो
देख्नै नपाई
आत्मदाहको सिकार भइसक्यो

सन्नाटाले लम्पसार
यस बेला तिमी

पङ्क्तिबद्ध कफनहरूको अघिपछि
मौन पदचापमा कैद होला
असह्य वेदनाले सास
तीव्र फेर्दै होला

यस घडी
कञ्चनजङ्घाको फेदबाट
गुफाजस्तो
शून्य भित्तामा अडेसिएर
म पनि समवेदनाको
सन्त्रस्त बुके
तिम्रो भग्न चउर र टापुमा
पठाउन आतुर छु बेज्जियो !

आकाश भएर उड्ने कुनै जहाज
यस क्षण मसित छैन
समुद्र भएर पौडिने
कुनै डुङ्गा पनि मसित रहेन
हरपल, अहिले त केवल
लकडाउनको भेन्टिलेटर छ

बस् प्रिय बेज्जियो
बाँकी पिँढीको ढुकढुकीसँग
आश्वस्त आयुको मुस्कानमा
मुसोलिनीको प्रेतछाया नपरोस्

धैर्यको तिम्रो छाती छेडेर
अर्को गुल्चे गोल नपसोस्

मेरो प्रार्थनाको साइबरबाट
भाइरसको यो अवतार
अविलम्ब विघटन होस्
अन्यमनस्क पीडाहरूको
तुरुन्त अवसान होस् ।

*बेज्जियो = रोबर्ट बेज्जियो; इटलीका लोकप्रिय फुटबल खेलाडी

(कोरोना भाइरसको सङ्क्रमणले ग्रस्त इटलीको भयावह स्थितिलाई अनुभूत गरी रचित)

कविता

# अशोक रोकाका तीन कविता

(डुवर्स, भारत)

## अभाव

बैठककोठामा सजाइएका माटाका फलहरू
मेरो सानो छोरो सधैँ टोक्ने गर्छ
बजारमा बेच्न राखिएका आँप देखाउँदा
'बाबा, माटोको हो कि' भन्ने गर्छ ।

## आसक्ति

जीवन काखीको पसिना गन्हाउँदागन्हाउँदै
हामी बुढा कुकुर भइसकेछौँ
रक्तहीन/मांसहीन भेटिएका हाड टोक्दाटोक्दै
गिजाबाट फुटेको आफ्नै रगत
बडो मज्जा मानी मानी स्वाद लिएछौँ
न त जीवनमोह फ्याँक्न सकियो
न त शुष्क हाड नै त्याग्न सकियो ।

## पुरस्कार

जीवन र मृत्युको निर्णायक दौडमा
चौतारी, भन्ज्याङ, उकालीओराली
जीवनयात्रामा सरिक
जीवन र मृत्यु
जीवन अविरल लम्किरहयो
मृत्यु घस्रिरह्यो
निर्णायक मोडमा जीवन प्रथम
प्रशंसाको ताली
जोड जोडले बजाइयो
स्याबासीको ढाड थप्थपाइयो
विजेतालाई फूलमाला लगाइयो
पुरस्कार
एउटा सन्चो मृत्यु
हातमा थमाइयो

(ashokkrroka@gmail.com)

कविता

# सञ्जय सुमनका तीन कविता



(वसन्तपुर ९, बगेवा, सर्लाही)

## नक्सा

सरकार !
तिमीले हावामा
देशको नक्सा कोरिरहँदा
मैले जमिनमा कोरेको
मेरो आङको चित्र
हेर्दै थियो मेरो छिमेकीले
हावा चल्यो
मेरो आङमुनिको जमिन सऱ्यो
अनि नक्सा पल्टाएँ !

## समानान्तर

मैले समुद्रलाई सोधेँ
'तिमीलाई थोरै बगाएर
हलुका बनाइदिऊँ कि ?'
उसले मेरो आँखामा हेऱ्यो
मैले आँसु लुकाएँ !!

## सुकुम्बासी

मैले थोरै जमिन मागेको थिएँ
अनि थोरै दाउरा-
खुट्टा टेक्न मिलोस्
चुल्हो बाल्न पुगोस् भनेर
सुनेर होला सायद-
आज म सुत्न मिल्ने गरी
जमिन खनिएको छ
अनि जल्न पुग्ने गरी दाउरा ।।

(bishwasigdelsis@gmail.com)

कविता

# बेलुनहरू



वासु पन्थी 'देवस्मृति'
(तुलसीपुर १७, दाङ)

ए बेलुनहरू, उचाइमा छौ
आकाश चुम्न खोज्दै छौ
उत्साहमा छौ विजयोत्सवमा छौ ।
जाऊ जाऊ, अझै माथि
मनाउ उत्सव विजयको ।

हावा भरिएका छौ तिमीहरू
कोही दम्भको कोही घमण्डको
कोही पाखण्डको, कोही बैँसको त कोही पैसाको
हो, तिमीहरू हावा भरिएका छौ
यस्तै यस्तै अनेक प्रकारका हावाहरू ।

कोही आकस्मिक उडान भर्दै छौ
त कोही नियोजित उडान
उडान जस्तोसुकै होस्
वाष्पयुक्त छ तिम्रो उडान
माटो बिर्संदै छौ, धरातल बिर्संदै छौ र जननी बिर्संदै छौ
जन्म अनि मृत्यु बिर्संदै छौ ।

कोही मदयुक्त उडान कोही अहङ्कारयुक्त ।
जसमा मौलिक उर्जा छैन पत्थरिलो अडान छैन
गर्विलो आँट छैन
जसमा छ त मात्र उर्ध्वचापयुक्त उर्जा
पछुताउने छौ तिमी
जब प्याट्ट फुट्ने छौ
भुईमा  बजारिने छौ
बल्ल बुझ्ने छौ
या, बुझ्न पनि बाँकी रहने छैनौ
अस्तित्व शून्य ।

(basudevpanthi83@gmail.com)

कविता

# युग्मक

विमल खतिवडा 'माइला'
(सिलगढी, भारत)

नयाँ साल
सँधै आउँछ उमङ्ग लिएर
जान्छ अनेकौँ यादहरू दिएर ।

मज्जा
कोही आफैमा रमाएर दङ्ग भए
कोही अरूको खुसीमा फुरूङ्ङ भए ।

भाषा
सबैको जान्नु ज्ञान हो हजुर
आफ्नो जान्नु पहिचान हो हजुर ।

परिचय
उसले मेरो सुन्दर मुहारलाई चिन्छ
संसारले मेरो व्यवहारलाई चिन्छ ।

लक्ष्य
निश्चित छ भने त पुगिने हो नि
नत्र सानो बाधाले यात्रा टुङ्गिने हो नि ।

देश
द्रोहीलाई केवल सिमाना हो
भक्तलाई यही नै आमा हो ।

कलम
तिमी केवल दाम सोधिरह्यौ
ऊ इतिहासमा नाम लेखिरह्यो ।

साहित्य
बुझ्नेलाई आफ्नो भाषाको नालीबेली हो
नबुझ्नेलाई केवल पुस्तकहरूको ठेली हो ।

मेहनत
पेटको आगो सदैव जलिरहन्छ
त्यसैले त पाखुरा चलिरहन्छ ।

दिन र रात
एउटा जीवनसँग जुझ्नलाई हो

अर्को जीवन के हो बुझ्नलाई हो ।

(bimalattri2014@gmail.com)

लघुकथा

# नारी जगत्



नन्दलाल आचार्य

नौ माससम्म पेटमा कुप्रिएर बसेँ । आमाले जे खाइन्, त्यही पाएँ । रातोदिन काममा जोतिँदा, मैले पनि गाह्रोसाह्रो अनुभूत गरेँ । चुरोटबिँडीको धुवाँले भित्रभित्रै निसासिएँ । आमा हाँस्दा, मुस्कुराइदिएँ, रुँदा अनुहार बिगारेँ । उमङ्गले फुरूङ्ग हुँदा, बेस्कन छाती ठुलो पारेँ । निराश अनुहार लगाएर पश्चात्ताप जल्दा भने त्यही मन खुम्च्याएर सानो पारेँ ।

आमा निदाउँदा निदाएँ । आमा जाग्दा चनाखो भएर तमासा हेर्दो भएँ । चुपचाप लागेका बेला ध्यानमा सक्रिय हुँदो भएँ । आमाले खाँदा खाएँ । भोकै बस्दा उपवास बसेँ । यति बिघ्न कष्ट सहेर वात्सल्य प्रेमको स्वाद चखाउने आमालाई जन्मनेबित्तिकै परिचयहीन पारेँ ।

र, सोधेँ– 'आमा ! मेरो बाउ को हो ? म कसको हाँगाबिँगा हुँ ? मेरो काम र धाम के हो ? मैले कसरी तिम्रो समाजमा समायोजित हुनू ? समग्रमा आमा, म को हुँ ?'

मेरा प्रश्नका घोचाले उनी सकसमा परिन् वा परिनन् तर कुरा लुकाएर चलाखीसाथ भनिदिइन्– 'तेरो बाउ विष्णुप्रसाद आचार्य हो । तँ आचार्य खलकको हाँगाबिँगा होस् । यो समाज मेरो होइन, तेरै बाउको हो । जसरी म समाजमा समायोजित हुन कोसिस गर्दै छु, त्यसरी नै तँ पनि समाजसँग जुध्नुपर्छ । मलाई अविश्वासको नजरले हेरे पनि तँलाई अँगालो हाल्न समाज आतुर छ । बाबु, आफूले आफैलाई चिन्न र चिनाउन सक्नुपर्छ । हामी त सहयोगी मात्रै हौँ, आफूलाई चिन्न र जान्न आफ्नै जीवनसँग सङ्घर्ष गर्दै जा, एक दिन अवश्य तत्त्वबोध गर्न पाउने छस् ।'

धेरै पछि चाल पाएँ । मेरी आमा रहिछिन्, खोटाङ, मुलाबारीका लम्सालकी छोरी । त्यति खेर उनको नाम रहेछ, भगवती ! म जन्मनासाथ उनको परिचय मेटिएछ । र, उनी बनिछन्– भग( वती आचार्य ! मेरा बाबुको परिचय र पहिचानसँग उनको फुटेको कौडीको पनि नातो रहेनछ । उनले समाज र संस्कार एक साथ छाडेकी रहिछन् । र, उनले नै जन्माएका हामी सन्तानलाई समेत आफू रहेको र बाँचेको समाज र संस्कारमा रहन र समाहित हुन कर गर्दिरहिछन् । उनलाई त्यसैमा सन्तोष रहेछ । उनकी आमा र हजुरआमाहरूले मात्रै नभएर वरपर देखेका, जानेका र सुनेका नारीहरू एकै किसिमले जन्मघर र संस्कारबाट टाढिँदै आएका रहेछन् । सबैले मानिल्याएको कुरो मान्नैपर्‍यो भनी प्रश्नहीन बनेर समाजले देखाएको बाटो हिँडेकी रहिछन् ।

# षड्यन्त्र



राम विनय
(साभुङ, भगवतीपुर, तनहुँ, हाल : कुलेश्वर, कामपा १४)

माघको महिना । दिनको करिब २ बजे हुनुपर्छ । कार्यालयबाहिर टन्टलापुर घाम चम्किरहेको थियो । कार्यालयमा सेवाग्राहीको आवतजावत यथावत् चलिरहेको थियो । कार्यालयको कामको अनुगमन गर्न प्रत्येक विभाग र एकाइ भएको स्थानमा म्यानेजर महलकाजी कोठा कोठामा गइरहेका थिए । दैनिक कामकाज र कार्यक्रमका बारेमा जानकारी लिँदै, सोधखोज गर्दै, कुराकानी गर्दै मैनेजर महलकाजी कोठाबाट बाहिर निस्केर आफ्नो कार्यकक्षतिर लाग्दै थिए । यतिकैमा एक जना ठुलो जिउ भएको हात्तीजस्तो मानिस कार्यालयभित्र पस्यो । त्यो हात्तीजस्तो मानिस उनको नजिक गयो । उसले मैनेजरलाई कार्यकक्षमा जान अनुरोध गऱ्यो । मैनेजर त उतै जाँदै नै थिए । उसले किन कार्यकक्षभित्र जान कर गरेको हो भन्ने उनले बुझ्न सकेनन् र पनि जरूरी काम होला भनेर उनी भऱ्याङतिर लागे ।

एकान्त जस्तो लाग्ने ठाउँमा त्यो हात्तीखोरेले मैनेजर महलकाजीलाई उनको गोजीतिर हेर्न इसारा गऱ्यो अर्थात् आफ्नो गोजीतिर हेर्न भन्यो । उसले आफ्नो गोजी देखायो ।

भोको बोकोलाई हरियो घाँस देखाएर पछि लगाएको जस्तो गरेर उसले मैनेजरलाई हजार हजारको नोठ देखायो । त्यो हात्तीखोरे … (हात्तीखोरबाट बसाइँ सरेर आएकोले सबैले उसलाई हात्तीखोरे भन्दा रहेछन्) लाई लागेको थियो कि यो भोको स्याल हो यसले मैले भनेको मान्छ । फन्दामा पर्छ । माछालाई बल्छीमा पार्न आहारा झुन्ड्याएर देखाए जस्तै अथवा पशुलाई खोरमा हुल्ने दाउ गरे जस्तै त्यस हात्तीखोरेले आफ्नो गोजीको नोठ देखाउँदै भन्यो, 'यी, यी, माथि जाऔँ ।'

उसको त्यो व्यवहार देखेर महलकाजी छक्क परे । उनले मनमनै भने, 'यसले मलाई यस्तो व्यवहार किन गरेको होला ?'

उसको क्रियाकलापले मैनेजरको दिमाग यति धेरै तात्यो कि उनले त्यहाँ केही देख्दै देखेनन् । वास्तवमा उनी सिधासाधा व्यक्ति थिए । भनिन्छ कि 'जब सिधासाधा व्यक्तिलाई अपमानजनक व्यवहार हुन्छ, असह्य व्यवहार थोपरिन्छ र बेइज्जत गरिन्छ तब उनलाई बेस्सरी रिस उठ्छ ।'

भयो पनि त्यस्तै । उनलाई त्यो व्यवहार शत्रुले स्वाभिमानमा प्रहार गरे जस्तो महसुस भयो । महलकाजीलाई असह्य भयो । उनी उत्तेजित भए । बेस्सरी रिस उठ्यो । उनले बेस्सरी कराएर भने, 'ए मिस्टर, तिमीले यो के देखाएको हो ? तिमीले मलाई के सम्झेका छौ ? घाँस खाने पशु सम्झेका हौ ? मैले तिम्रो के बिगार गरेको थिएँ र तिमीले यस्तो व्यवहार गरेको ? तिमी को हौ ? तिमीलाई कसले यहाँ पठाएको हो ? हरियो घाँस बोकाएर सिकार गर्ने तिमी कसका गोठाला हौ ? यहाँ एक छिन पनि बस्न लायक छैनौ । स्पष्ट भन । तुरुन्त बाहिर गइहाल त । होइन भने म तिमीलाई गलहत्याएर बाहिर निकाल्न लगाउँछु ।'

बिचरा ! हात्तीखोरे बोल्न सकेन । वाल्ल परेर मैनेजरको अनुहार हेरिरह्यो, आफ्नो अनुहार रातोपिरो पारेर । मैनेजर कराएको सुनेर अरू कर्मचारी के भयो ? के भयो ? भन्दै त्यहाँ आए

र हात्तीखोरेलाई घेरे । महलकाजीले सबै कर्मचारीलाई निर्देशन दिँदै भने, 'ल यो मानिसलाई कार्यालयबाट बाहिर निकालिदिनोस् त । यसले मलाई साह्रै नराम्रो व्यवहार गरेको छ ।' सबै मिलेर लुरुक्क परेको हात्तीखोरेलाई कार्यालयको ढोकाबाहिर पठाए ।
हेर्दा हात्तीको जस्तो ठुलो जिउ भएको त्यो मानिस त सानो मुसोजस्तो लाग्यो महलकाजीलाई । उसलाई त्यो मानिस लडाइँमा परास्त शत्रुजस्तो पो लाग्यो ।
महलकाजी कार्यकक्षमा गएर सोफामा बसे । आफूलाई सम्हाल्ने प्रयास गरे । मनमनै आफैलाई सोध्न थाले, 'यो कसको षड्यन्त्र होला ?'
लामो श्वास फेरे । मानसिक तनावबाट सम्हालिने कोसिस गरे । तनावमुक्त हुने प्रयास गरे । केही बेरपछि मोटे हात्तीखोरे मैनेजरको कार्यकक्षमा प्रवेश गर्‍यो । मैनेजरले उसको अनुहारमा चिहायो । उसको अनुहार सामान्य थिएन । ऊ आँखाभरि आँसु पारेर रोइरहेको थियो । रुँदै उसले भन्न थाल्यो, 'सर, मैले हजुरलाई चिन्न सकिनँ । आज मबाट ठुलो गल्ती भयो । क्षमा पाऊँ ।'
मोटे हात्तीखोरे मैनेजर महलकाजीको खुट्टामा घोप्टो परेर क्वाँक्वाँ रुन र कराउन थाल्यो, 'हजुर मबाट आज ठुलो अपराध भयो । क्षमा पाऊँ ।'
यस्तै बक्दै थियो त्यो मोटे ।
छक्क परेर मैनेजर कराए, 'ए ! यो के गरेको ? उठ्नोस् । यता बस्नोस् ।'
रुमालले पश्चात्तापको आँसु पुछ्दै हात्तीखोरे सोफामा बस्यो । उसले आफूलाई सम्हाल्यो । अनुशासित सैनिक जीवनको घटना सम्झिएर भन्यो, 'त्यस बेला हाम्रा पल्टनका क्यापटेन, कर्नेल, जर्नेल, मेजर पनि यस्तै नैतिकवान् हुन्थे । मैले हजुरको इमानदारी र नैतिकतालाई चिन्न सकिनँ । आज हजुरमाथि महाअपराध गरेँ । क्षमा पाऊँ हजुर ।'
हात्तीखोरेले मनमनै सोच्यो, 'त्यस्ता ठाउँमा काम गरिसकेको मान्छे, म आज के भएको होला ? सोझो मगरको छोरो कहाँ आज छट्टुफटाहाको षड्यन्त्रमा फस्न पुगेँ ? हरे शिव !'
उसले पश्चात्ताप दोहोर्‍याइरहेको थियो । मैनेजनर चुपचाप थिए । मनमा परेको चोट सहने प्रयास गरिरहेका थिए । उनलाई केही षड्यन्त्रकारीले सोझो मगरलाई सिँगारेर पठाएको जस्तो लाग्यो ।
उनलाई त्यस ठाउँमा गएदेखिको घटना सम्झनामा आयो । त्यस कार्यालयमा पुगेको पहिलो दिन एक जना मानिस उनलाई भेट्न आएको थियो । उसले आफूलाई प्रौढ सङ्गठनको जिल्ला अध्यक्ष बताएको थियो । उसको परिवार किहुबाट त्यहाँ बसाइँ सरेर आएको भनी बताएको थियो । किहुमा महलकाजीका पिता र काकाले पसल चलाउँथे । त्यहाँ गएर बसेको र सानोमा ज्याग्दीखोलामा गएको सम्झना भयो । आफ्नातिरका व्यक्तिसित भेट भयो भनेर महलकाजी खुसी भए ।
हाल बसिरहेको घर उपयुक्त नभएकोले कार्यालयका लागि मेनेजर घर खोजिरहेका थिए । सहयोगका लागि उससँग कुरो गरेका थिए । उसले आफ्नो दाइको घर सिफारिस गरेको थियो । ऊलगायतका कर्मचारी घर हेर्न गए तर त्यो कार्यालयका लागि उपयुक्त थिएन । सिग्देलले आफ्नो घरमा कार्यालय भाडामा नबसे पनि, राइसमिलका लागि कर्जा देला भन्ने लागेको थियो तर उसको परियोजना उपयुक्त भएन । यसैले हेडअफिसले उसको कर्जा अस्वीकृत गरेको थियो । महलकाजी कार्यालयमा नभएका बेला सिग्देलका दाजु आएर कराएका थिए रे, 'मेरो घरमा कार्यालय पनि राखेन, मलाई कर्जा पनि दिएन । आफ्नालाई

भने कर्जा दिने, मलाई नदिने ? मलाई पनि एक एक थाहा छ । देखाइदिन्छु ।'

उसको अर्थात् सिग्देलको जुवाइँ जिल्ला कार्यालयमा छन् रे भन्ने गाइँगुइँ सुनिएको थियो । अवश्य उसको जुवाइँको करतुत हुन सक्छ । महलकाजीलाई शङ्का लागिरहेको थियो तर पुस्टयाइँ भएको थिएन तापनि अन्दाज गर्न कठिन परेन ।

भोलिपल्ट बिहान कार्यालयका सहयोगी हिरासिंहले खबर ल्याए, 'सर सर हिजो तपाईंलाई हजरिया नोठ देखाउने मानिसले उधुम गरेछ नि ।'

'के गरेछ ? के भएछ ? भन भन ।'

हिरासिँहले सबिस्तार बखान गरे, 'त्यो मोटे हामीकहाँ आएको थियो नि, यहाँबाट गएपछि रिक्सामा जाँदा सिग्देलको जुवाइँलाई बाटोमा भेटेछ । रिक्सा रोक्न लगाएछ । रिक्साबाट ओरालेर केही कुरा गर्नु छ भनेछ । रिक्साबाट ओरालेछ । त्यसपछि उसलाई गोदेछ । सिग्देलको जुवाइँले पनि 'तँ लेडाले मलाई कुरै नबुझी हात हालिस् । पख्, तँलाई पनि म देखाइदिन्छु । ठिक पार्छु ।' भनेछ । रिक्सा छाडेर उसले कुलेलम ठोकेछ । अहिले त्यो मोटेलाई प्रहरीले पक्डेर लगेको छ भन्ने खबर छ सर ।'

कविता

# *विधार्थी जीवन*

**निबा मिश्र**

सानाठुला सपना बोकी
कक्षाकोठामा बस्नु
शिक्षकका कुरा बुझी
राम्रा सोचाइ राख्नु

साना साना कलमले ठुला ठुला पानामा कोर्नु
पाठ बुझी बेला बेला परीक्षा दिनु
अब्बल आउने सपना देखी
ठुलालाई सम्मान र सानालाई माया गर्नु

जीवनमा हार कहिल्यै नखानु
आफ्ना सपनालाई सीमित कहिल्यै नगर्नु
सधैँ अघि बढनु र राम्रा काम गर्नु
सदा सदा परहित गर्नु

समयलाई खेर नफाल्नु
फूल फुले झैँ फुल्नु
मिठो वासनाझैँ सुगन्धित हुनु
पर्छ बुझ्नु विधार्थी जीवन ।

(nnnmishra@gmail.com)

कथा

# ऊ अर्थात् एउटा बुबा



कमल सिलवाल

लगभग ५५ वर्षको, सर्लक्क जिउडाल मिलेको गहुँगोरो । निरन्तर आफ्नै नियमिततामा मस्त र व्यस्त । खुसीको पर्यायजस्तै जीवन बाँचेको एउटा असल र सफल व्यवसायी । नित्य निरन्तर उज्यालो अनुहारका साथ दिनको सुरूआत गर्ने अनि उमङ्गका साथ रातको स्वागत गर्न खप्पिस ऊ अर्थात् एउटा बुबा । यो हिजोको ऊ । आज ऊ सरासर बैठककोठामा छिर्‍यो अनि सिङ्गै शरीरलाई डङ्रङ्ङ सोफामा फ्याँकेर लमतन्न पर्‍यो । दिनभरि सायद निक्कै थकाउने कर्ममा व्यस्त थियो । अन्तहीन युद्ध लडेर फर्के झैँ लामो सुस्केरा निकाल्यो । 'खुइय्य' सुस्केराको आवाज थामिन नपाई फोनको म्यासेन्जरमा घण्टी बज्यो । मन नलागी नलागी उसका हातले फोन निकालेर हेर्‍यो । हत्तपत्त सुतेको ठाउँबाट उठ्यो । दुवै हातले अनुहार पुछे जस्तो गर्‍यो । सकी नसकी हाँसेको जस्तो अनुहार बनायो अनि फोन उठायो । म्यासेन्जरको भिडियो कल ।

'के छ छोरा हालखबर ?' जबरजस्तीको हाँसोका साथ छोराको म्यासेन्जर कल रिसिभ भयो ।

'ठिकै छ बाबा, मेरो भिसा थप्नुपर्ने भयो । भिसा थप्न ३६ लाख बैङ्कमा देखाउनुपर्ने एकदुई हप्ताभित्रै ।' बुबाको हालखबर, परिवारको समाचारभन्दा पहिला अस्ट्रेलियामा बस्ने छोरालाई भिसाको म्यादको चिन्ता भएको ठम्याएर होला 'हुन्छ नि बाबु, म व्यवस्था गरिहाल्छु नि, तिमी किन चिन्ता गर्छौ । तिमीलाई सन्चै त छ नि ।' अनुहार चम्किलो पार्न खोज्दै उसले छोरोलाई सोध्यो ।

'ठिकै छ बाबा बरू यो कामचैँ अलि चाँडै गर्दिनू है । रात अबेर भइसकेको छ । म अब सुत्छु, ल । गुड नाइट बाबा ।' फोन काटियो ।

एउटा लामो सुस्केरा फेरि कोठाभरि गुन्जियो । ऊ पूर्ववत सोफामै पल्टियो । एकै छिनमा फेरि फोनको घण्टी बज्यो । फोन हेर्दै नहेरी उठायो, 'हेलो ।'

'सर नमस्कार । म फलानो बैङ्कको म्यानेजर बोलेको । खै सर आज आउँछु भन्नुभएको थियो, आउनुभएन । आज पौषको २७ गते भइसक्यो । २९ गतेभित्र त ब्याजको पैसा जसरी पनि बुझाउनुपर्छ है सर । यही भन्नलाई फोन गरेको ।'

उसको उत्तरको अपेक्षाविना फोन काटियो ।

फेरि लामो सुस्केराको आवाज । हतास र उदास सुस्केरा ।

ऊ सोफाबाट उठ्यो । बैठककोठामा एक फन्को घुम्यो । दराजको ऐनामा आफ्नै अनुरहार नियाल्यो । फेरि सोफामा थचक्क बस्यो ।

फोन निरन्तर बज्न लाग्यो । फोनतिर आँखा लगायो । उठाउन मन नलागे जस्तै गरी फोन समात्यो । एक छिन फोनमै एकोहोरियो । अल्छी माने जस्तै गरी फोन उठायो, ' अँ, भन भाइ ।'

'सर नमस्कार । अफिसको घरबेटी आउनुभएको थियो । भाडाको कुरा गर्दै हुनुहुन्थ्यो अनि

स्टाफहरू पनि मङ्सिरदेखिकै तलब बाँकी छ भनेर गनगन गर्दै हुनुहुन्छ । के भन्ने होला ।' फोनकर्ताको एकोहोरो कुरा सकिएपछि उसले सोध्यो, 'अनि भाइ आजको कलेक्सन कति छ ?' उताबाट उत्तर आयो, 'नौ हजार छ सय सत्तरी सर ।'

'ए हुन्छ म भोलि आएर कुरा गर्छु नि, है ।'

'हुन्छ सर ।'

नौ हजार छ सय सत्तरी यो अङ्कलाई दोहो-याईतेहे-याई भन्यो । ओठ लेप्र्यायो । निधार खुम्च्यायो । मोबाइललाई टेबलमा राख्यो । नजिकैको बोतलको पानी रित्यायो अनि फेरि लामो सुस्केरा । अनि फेरि सुनसान ।

म्यासेन्जरको कलले झस्के जस्तै गरी फोनतिर हे-यो । फेरि अनुहार उज्यालो बनाउने प्रयास ग-यो । बनावटी हाँसोका साथ म्यासेन्जरको भिडियो कल रिसिभ ग-यो, 'के छ छोरी खबर ?'

'ठिक छ बाबा । हजुरहरूलाई कस्तो छ ।'

'हामी पनि ठिक छौँ छोरी ।'

'अनि नि बाबा, आज हामी साथी साथी घुम्न गएका थियौँ । कस्तो रमाइलो ठाउँ रहेछ बाबा । हजुरहरू होलीको बिदामा काठमाडौँ आइस्यो न, है ? हामी सबै त्यहीँ घुम्न जाने । कस्तो रमाइलो ठाउँ छ । धेरै खर्च नि लाग्दैन । एक दिन एक रातको एक जनाको दश हजार मात्र ।'

'छोरी यसपालि अलि आउन मिल्दैन कि ।'

'नाइ बाबा, त्यसो नभनिस्यो है । कहिलेकाहीँ त घुम्नु पनि पर्छ क्या । एक दिनअगाडि नै आइस्यो है । मैले भन्देको छु नि । मेरो दुई जना साथीलाई पनि भनिसकेकी छु मैले त ।'

'हुन्छ नि छोरी, प्रयास गरौँला ।'

'प्रयासस्प्रयास हैन है बाबा, जसरी नि आइस्यो है । अनि मामु खै त ?'

'मामु बजार गएकी छन् ।'

'ए... ! बाबा, जसरी नि आउनुपर्छ है ।'

'हुन्छ छोरी ।'

'ओके बाइ बाबा ।'

'बाइ छोरी ।'

फोन काटियो ।

नौ हजार छ सय सत्तरी । फेरि यही अङ्क भट्यायो अनि सोफामा थुचुक्क बस्यो । खुइय्य... आजको ऊ अर्थात् कोरोना कहरले पिल्सिएको व्यवसायी । आजको ऊ अर्थात् एउटा बुबा ।

(nepaliit@gmail.com)




**धीरकुमार श्रेष्ठबाट लेखिएको नेपाली साहित्याकाशमा हेमचन्द्र पोखरेलको डिजिटल कपी नि:शुल्क पढ्न चाहनुहुन्छ भने** dhires@gmail.com **मा इमेल गर्नुहुन अनुरोध गर्दछु ।**

विचार

# जानेर जानी नसक्नु छ मान्छे



कृष्ण प्रधान
(मञ्जरी भिलेज, इमाडोल, ललितपुर)

१. सूत्रमा कविता नबुझिए जस्तै मान्छेलाई सूत्रमा बुझिन्न । समीक्षा नै गर्नुपर्छ ⇒ विस्तारित समीक्षा । समीक्षा सूत्रमा लेखिन्न । मान्छेको समीक्षार्थ बाहिरी बनावटको समीक्षा गरेर पुग्दैन ⇒ भित्री बनावटको समीक्षा गर्नुपर्छ । अब मान्छे भन्नेबित्तिकै हामी हात, खुट्टा, टाउको, आँखा, नाक, कान, मुख, पाइताला, रौँ, कपाल, औला, घाँटी, उदर आदि सबै सबै एकैचोटि कल्पना गर्छौं । देख्तैनौँ त्यहाँ अलग अलग आँखा, अलग अलग हातखुट्टा, अलग अलग नाक, कान, घाँटी, मुख आदि आदि । मानिस भन्नु नै भौतिक रूपमा त्यस आकारको ती सबैको समुच्च आकारको सबैको सजावटको सग्लो भनेर हामी देख्छौँ । तर 'मानिस' त्यतिले मात्र पूर्ण हुन्छ त ? हुँदैन । छैन । हुन सक्दैन । उसका ती बाहिरी आवरण हुन् । हामी बाहिरी आवरणको सग्लो मान्छे करिब साढे पाँच फुट वा केही अग्लो वा होचो, पुड्को, बलियोबाङ्गो, मोटोदुब्लो, गोरोकालो, गहुँगोरो आदिका रङरूपमा पनि हेर्छौं र देख्छौँ । ती सब बाहिरी आवरण हुन् हाम्रा दुई आँखाले देख्ने मान्छे । एउटा अन्धाले 'मान्छे'को परिकल्पना कस्तो गर्दो हो, जो जन्मजात अन्धो छ । उसले सुनेर र छामेर बुझ्ने हो, अनुभूत गर्ने हो तर आँखा नभई भौतिक रूप अनुभूत हुँदैन र बुझिँदैन । 'मान्छे'का बाहिरीभन्दा भित्री रूप जानी नसक्नु हुन्छन् । जान्न बाहिरी आँखाले पुगोइन्, भित्री आँखा चाहिन्छ । त्यो भित्री आँखा भनेको ज्ञान हो, विवेक हो, विवेचन हो, ध्यान हो, योग हो । ध्यान र योगको जोड हो, आफूले ⇒ स्वयम्ले आफूलाई बुझ्नु हो ।

२. 'मान्छे' आखिर आँखा, नाक, कान, हातगोडा मात्र होइन । उसभित्र अहम् पनि छ, घमन्ड पनि छ, माद पनि छ । दया पनि छ, करुणा पनि छ । घृणा पनि छ । चेतना पनि छ, अर्धचेतना पनि छ, अवचेतना पनि छ । मूर्खता पनि छ । बुद्धि पनि छ, अक्कल पनि छ । विचार पनि छ । दार्शनिक पनि छ । धार्मिक पनि छ । पापी पनि छ । चलाख पनि छ, लाटो बोधो पनि छ । त्यस्तो 'भित्री' मान्छे चिन्नचाहिँ सोझो हेरेर मात्र चिनिँदैन । त्यो 'मान्छे' चिन्न भित्री आँखा, ज्ञान, विवेचन गर्न सक्ने क्षमता, ध्यानदृष्टिका चिन्तना पनि चाहिन्छन् ।

३. मान्छे कन्जुस पनि छ, दानी पनि छ । उसभित्र चोर पनि छ, डाँका पनि छ । ज्ञानी पनि छ, मूर्ख पनि छ । मान्छेभित्र के छैन ? जो बाहिर देखिन्छ त्योभन्दा धेरै भित्र छ मान्छेमा । बाहिर देखेर उसलाई चिनिँदैन । त्यसलाई चिन्न भित्री मान्छे पढ्नुपर्छ । त्यो उससितको सङ्गतले, उसका व्यवहारले, उसका आम बानी र कर्मले बुझिने हो । मान्छे धोकेबाज पनि छ, इमानदार र वचनको पक्का पनि छ । ठग पनि छ उतिकै, ढाँट र छलकपट पनि छ । रङ्गीन रमाइलो पनि छ मान्छे । उराठलाग्दो विरक्तिलो र उदास उदास पनि छ मान्छे । हेर्दा सन्तसाधु भए पनि ज्ञानी छैन मान्छे । हेर्दा ज्ञानीजस्तो देखिए पनि बुझ्दा हठी, ढोँगी पनि लाग्न सक्छ ऊ । यसैले मान्छे चिन्न जति अप्ठ्यारो, गाह्रो र कठिन अरू केही छैन । ऊ वैज्ञानिक पनि छ, सिपालु पनि

छ, चतुर पनि छ । समस्याको समाधानकर्ता र समन्वयकर्ता पनि छ तर त्यही 'मान्छे' झगडाको बिउ पनि छ । उसका कारण वर्षौंवर्ष युद्ध भइरहन सक्छ । उसैका कारण मतभेद भइरहन सक्छ । उसैका कारण युद्ध पनि हुन्छ । उसैका कारण शान्ति पनि हुन्छ । बुझी नसक्नु, चिनी नसक्नु जानी नसक्नु अजबको प्राणी हो मान्छे जो उसका दुई दुई हातखुट्टा नाक, कान, आँखा, मुख, अनुहार, टाउको र बाहिरी छालाले बताउँदैन र भन्दैन । हो, कसैका अनुहारका छविले प्रतिछविले रङले त्यहाँ प्रतिबिम्बित चित्रणले उसलाई बुझ्न केही अनुमानसम्म गर्न सकिएला तर त्यो नै पर्याप्त छैन भन्छन् मनोविद्हरू । मान्छेको अनुहारबाट धेरै कुरा पढ्न सकिन्छ । प्रेमीप्रेमिकाले तिनका 'मान्छे'लाई आँखाले पढ्छन् । हाउभाउले बुझ्छन् र इसाराले तिनका भित्री तहसम्म छाम्छन् $\Rightarrow$ त्यो प्रेमीप्रेमिकाका दम्पतीका कुरा भए तर सँगै बसेर वर्षौंवर्ष दाम्पत्य गुजारेका पारिवारिक गुजारेका जोडीले पनिलोग्नेले स्वास्नीलाई बुझेको र चिनेको हुँदैन, स्वास्नीले लोग्नेलाई । अर्थात् तीभित्रका छली, कपटी वा त्यस्तै इमानी, आदर्श र वचनबद्ध मान्छेलाई कहिलेकाहीँ नचिन्दा चिन्न नसक्दा डरलाग्दा पारिवारिक दुर्घटना पनि हुने गर्छन् । त्यो दुर्घटनाले 'मान्छे'लाई आत्महत्या गर्न प्रेरित गरी अहङ्कारी र क्रोधी पनि बनाउँछ, उसभित्र 'हत्यारा' पनि देखाउँछ । मान्छे यस्तो छ । ज्ञानी पनि भित्रभित्रै 'हत्यारा' भइरहेको हुन्छ जुन देख्न र बुझ्न सकिँदैन । उसका कर्तुत जब बाहिर आउँछन् त्यो बेला ती ज्ञात हुन्छन् ।

४. यसैले 'मान्छे' जो बाहिरको सग्लो वा बाङ्गो वा जे भौतिक पदार्थको देखिन्छ त्योभित्रको असली 'मान्छे'को रूप भिन्न धेरै कठिन र कठिनतम् हुन्छ । साह्रै जटिल र चक्रव्यूह हुन्छ मान्छे । 'मान्छे'भित्रको चक्रव्यूह बुझ्न र त्यसबाट बाहिर निस्कन निकै गाह्रो हुन्छ । सितिमिति सकिँदैन पनि । अग्निका सात फेरा लगाएर जिन्दगीभर सँगै बाँच्ने सँगै मर्ने कसम खाएकाहरू वा प्रेमले बाँधिएकाहरू, प्रेमविछोडले छट्पटिन नमान्नेहरू र जातीय विभेदका बाबजुद आफ्ना प्रेमका रङ नबदलेकाहरू सबै सबै जब जीवनका उकालीओरालीबाट गुज्रन्छन् गुज्रँदै जान्छन् तब तब तिनका जीवनमा व्यवहार बोधिसत्व प्राप्त हुँदै जान्छ । बोधिसत्व प्राप्त हुँदा त ठिकै हो कहिलेकाहीँ तिनमा राक्षस बोधिसत्वचाहिँका देशना हुँदा तिनले पहिले गरेका सबै वाचा प्रतिबद्धता प्रतिज्ञा सबै भुल्छन् र सम्बन्ध पारपाचुकेमा पुग्छ । अदालत पुग्छ तिनका प्रेमकहानी । पालिकाका वडाका ढड्डामा अभिलिखित हुन्छन् तिनका सम्बन्धका नालिबेली । गाउँसमाज इष्टमित्र नातासम्बन्ध, कुलकुटुम्ब जोरिपारीतिर पनि तिनका ती सम्बन्ध लहलहाउँछन् बेगमबेलीको लहरा फैलिए जसरी । वाचा गरेर सँगै बाँच्नेमर्ने कसम खाएर पनि तिनले भित्रका आआफ्ना 'मान्छे'लाई चिनेका हुँदैनन् । बिर्सेका हुन्छन् त्यो 'मान्छे'लाई र नयाँ मान्छे आफूभित्र जन्माउँछन् । लोग्नेले स्वास्नीलाई चिनेको हुँदैन, स्वास्नीले लोग्नेलाई । तिनका सम्बन्ध अरूले चिन्ने कुरा पनि हुँदैन । ती आफैले चिन्ने हुन् ती कुरा, ती सम्बन्ध । अग्निको सात फेरा अदालतको चौघेरा र बारतिर फेरा लाउँदा मात्र थाहा पाइने कुरा भयो, तीभित्रका मान्छेको स्वरूप रूप । सँगै एउटै सिरानी हालेर सुतेको लोग्नेले स्वास्नीको गर्दन छिनालेको घटना छ । सँगै सुतेकी स्वास्नीले गलामा लोग्नेकै मङ्गलसूत्र भिरेर लोग्नेलाई छिनालेको घटना छ । यथार्थ छ । ती 'लोग्ने'ले 'स्वास्नी'ले आफूभित्रका 'लोग्ने' र 'स्वास्नी'को मान्छे रूप नचिनेरै त्यस्ता हविगत भोग्नुपरेको हुन्छ । यस्तो छ 'मान्छे'भित्रको मान्छे ।

५. मान्छे अपराधी पनि छ । हत्यारा पनि छ । मान्छे नै हो तर जब जब अपराध कर्म गर्न अग्रसर हुन्छ/गर्छ, जब जब हत्या गर्न उद्दत हुन्छ/गर्छ तब तब उसभित्रको वास्तविक मान्छे हराएर कहाँ जान्छ उसलाई नै पत्तो हुँदैन । मान्छे अन्धो हुन्छ आँखा भएर पनि । क्रोधले, स्वार्थले, लोभले, पापले, घृणाले, रिसले, आवेगले, अविवेकले, अज्ञानताले, न्याय गर्न नसक्नेले स्वयम्लाई जब जब कुकृत्य गर्छ अनि गरिसकेपछि उसका आँखा खुल्न सक्छ । सबैको नखुल्ला पनि र पश्चात्तापमा जीवन बिताउँछ । पश्चात्ताप गर्नुपूर्व उसलाई उसका ज्ञानको ढकनी खोलिएको भए पश्चात्ताप गर्नुपर्ने स्थिति आउँथेन तर मान्छेले पाप गर्दा परिणाम हेर्दैन । रिसमा वेद पढिँदैन भन्छन् ।

६. हेर्दा साधुमार्गमा हिँडेको देखिन्छ कुनै सन्त, महन्त, साधु, जोगी, सन्यासी । त्यो पनि मान्छेका चेतनका मार्गे हुन् तर कतिपय जोगी साधुसन्यासी ती बाहिरी आवरणले हुन्छन्, भित्री 'जोगी' 'साधु' आर्कै हुन्छ । हेर्दा खरानी धसेको, निधारमा सुर्केचन्दन लगाएको छ, निधारमा महादेवकै त्रिनेत्र बनाएर हिँडेको छ, जटाधारी छ, कमण्डलु छ, चिम्टा छ, अलखनन्दनमा छ, पीतवस्त्रादिको पहिरन छ, नाङ्गो पाइतालामा छ । हेर्दा 'सन्यासी' नै लाग्छ । सबै मोह, माद, लोभ त्यागेको यौन सुखसुविधा भोग सबै त्यागेको ज्ञानी तपस्वी लाग्छ तर त्यस्तै वर्णका छापमा 'साधु' 'सन्त', 'महन्त', 'मठाधीश', 'महागुरु' जे भनौँ मध्यरातमा ज्ञान प्राप्त भयो भन्दै मनले खाएकी भक्तिनीलाई आफ्ना कुटीर आश्रममा बोलाएर यौनशोषण गर्छ । भारतेली यस्तै आश्रममा र हाम्रै बराहक्षेत्रमा पनि यस्ता घटना भएका कुरा बाहिर आएकै हुन् । सन्यास भनेको सन्यासै हो, लोभ, माया, मोह, क्षोभ, भोग, लालसा, यौन पक्कै होइन । अब यस्ता 'साधु'का भित्री मान्छे ⇒' दानव'लाई कसरी चिन्ने ? उसका प्रवचन, महावाणी, भजनकीर्तन र तर्पनतापले पनि चिनाउन सकोइन् । उसका आवरणले चिनाउन सकोइन् । मान्छे यस्तो छ । बैरागी बनेका पनि 'रागी' छन् । 'साधु' बनेका पनि 'हरामी' छन् । पीतधारी बनेका सुखलोलुप छन् । यसै मान्छेलाई उसका वस्त्र, आभूषण, अलङ्कार र मानपदवीले चिन्न सकिँदैन । उसभित्रको मान्छे चिन्न उसले पहिले स्वयम्लाई चिन्न सक्नुपर्छ ।

७. हामीलाई लाग्दो हो, सुटबुटका पहिरनका उच्च कोटी असल घरानाका होलान् भनेर । लाग्दो हो, धोतीकछाड लाउनेहरू तन्नम गरिब होलान् भन्ने पनि । लाग्दो हो, सोह्रै शृङ्गारमा सजिएर बसेकी नारी सम्पूर्ण हो भनेर । आभूषणले भरिएकी गरगहनाले छपक्कै छोपिएकी र शृङ्गार सजावटले धपक्कै बलेकी साँच्चै घरानिया स्त्री होलिन् भनेर पनि तर जब जब तिनका आचरण व्यवहारले तिनलाई तिनका आभूषण, गरगहना र शृङ्गारपटारको मानमनितो राख्न सकोइन् ती 'स्त्री मान्छे' नरहलान् पनि । पुरुषमा पनि यही लागु हुन्छ । दौरासुरुवाल र कोट ढल्काउँदैमा ऊ महापुरुष बन्दैन । लबेदासुरुवाल, ढाका टोपी ढल्काउँदैमा ऊ असल हुँदैन । घोडामा सवार हुँदैमा ऊ महान् हुँदैन । त्यो बाहिरी देखिने मान्छेको रूप हो, स्वरूप हो, शृङ्गार हो, तानाबाना हो, हेर्दा देखिएको 'मान्छे' हो तर मान्छेलाई त्यसरी चिनिँदैन र बुझिँदैन । उसलाई उसका शृङ्गार र आभूषणले बुझिँदैन । उसलाई उसका पहिरनले बुझिँदैन । उसलाई उसका खानपानले बुझिँदैन ।

८. मान्छे आडम्बरी,अहङ्कारी र षड्यन्त्रकारी पनि उत्तिकै हुन्छ । भित्री खोक्रो हुन्छ तर उसलाई बाहिर आडम्बर देखाउनै पर्छ । बाजेका पालाको हिङ नभए पनि हिङ बाँधेको टालो देखाउनै पर्छ उसलाई । जातको उछितो काड्नै पर्छ र मनुस्मृतिले देखाएको

बाटोमा हिंड्नै पर्छ उसलाई । मान्छे आकारले प्रकारले भौतिक आवरणले एउटा भाले लोग्ने⇒ पुरुष मर्द जात भए पनि वा पोथी⇒ स्त्री⇒ महिला⇒ नारी⇒ जनाना जाति भए पनि ती तीले जातका आडम्बरमा पानीपधैँरा बार्छन्, बसाउठा बार्छन् । जात एउटै हो भाले वा पोथी वा उभय लिङ्गकै सही एउटै जातले अर्कोलाई बारेको छ । त्यसले एउटाले उँचो जात र अर्कोलाई निचो जात देख्छ । मान्छे यस्तो छ ।

९. देख्दा मित्रवत्जस्तो मान्छे भित्रभित्रै षड्यन्त्रका तानाबाना बुनेर षड्यन्त्रकारी रूप पनि देखाउँछ । अहङ्कारले यतिसम्म थिचेको हुन्छ कि उसले वरिपरि कोही देख्दैन । यस्तो कि ऊ अन्धोजस्तै हुन्छ अहङ्कार र मादले । त्यही मादले आफूलाई समेत सिध्याउँदा पनि उसले चाल पाउँदैन । यस्तो छ मान्छेको बहु रूप, अनेक रूप । युद्धको हुङ्कार र अहङ्कारले मान्छेकै कारण सयौँ वर्षसम्म युद्ध भइरहन्छ । इजरायलका यहुदी र प्यालेस्टाइनका पिलिस्तानी मान्छेबिचका रगत रगतमा नसा नसामा युद्धकै रगत बगिरहेको देखिन्छ । सन् १९४५ देखि ती परस्पर लडिरहेका छन् । सम्भवतः अर्को सय वर्ष पनि पुग्ला, तिनका युद्धरूप । ती जन्मँदै युद्ध बोकेर जन्मिन्छन् र मर्दा पनि युद्धसितै मर्छन् ।

१०. मान्छे आतङ्ककारी पनि छ । आतङ्क मच्चाउनु उसको धर्मैजस्तो ठानिन्छ । ओसामा बिन लादेन अमेरिकीका लागि 'आतङ्क' थियो । उसलाई बिसौँ वर्ष लगाएर अमेरिकीले सफाया गरे पनि 'बिन लादेनका मान्छे'हरू सबै सफाया छैनन् । अमेरिकी नजरमा 'विन लादेनी' मान्छे 'आतङ्ककारी' हुन् भने बिन लादेनीका नजरमा 'अमेरिकी' 'आतङ्ककारी' हुन् । यो उनीहरूको हेर्ने नजरिया हो । तिनले ती नजरिया बिच्छ्याउँदा 'मान्छे'चाहिँ बिर्सेका हुन्छन्, भुलेका हुन्छन्, देख्दैनन् । आफूलाई मात्र चोखो देख्छन्, फुटाएर हुन्छ कि, जुटाएर हुन्छ कि, लडेर हुन्छ कि, लडाएर हुन्छ कि 'आतङ्ककारी मान्छे' मान्छेमा आतङ्क मात्र देख्छ, मान्छे देख्दैन । मान्छेले 'मान्छे' नदेखेरै समस्या आएको छ मान्छेमा । त्यो सितिमिति देखिन्न ।

११. धोकेबाज पनि छ मान्छे । विश्वासिलो मान्छे नै कहिलेकाहीँ कुन बेला 'धोकेबाज' निस्कन्छ पत्तै हुँदैन । पिताले 'पितृत्व' बिर्सेर धोका दिएका छन् कति छोरीलाई र पुऱ्याएका छन् कोठीमा । अग्निका सात फेरा घुम्नेले पनि दलालका हातमा बेचिदिएका छन् आफ्नै जीवनसङ्गिनीलाई र तिनले कोठीमा नारकीय जीवन भोगेर बाँच्न परेको छ । यस्तो हुन्छ मान्छे । ऊ कुन बेला 'दलाल' निस्कन्छ कुन बेला 'पिशाच' बन्छ पत्तै पाइन्न । झगडालु हुन्छ मान्छे हेर्दा सुबानी लागे पनि । उसको सुबानीपनले 'झगडिया' मान्छे बताइरहेको हुन्न । झिनामसिना कुरामा पनि झगडाको बिउ खोजिरहन्छ मान्छे । मर्दा सबै चिज छाडेरै जाने हो धरतीलाई नै तर पनि त्यही धरतीमा बस्दा एक सेन्टिमिटर जग्गामा छिमेकीसित निहुँ खोजिरहन्छ मान्छे । 'राम्रो छिमेकी' 'झगडिया छिमेकी'मा परिणत भएको पत्तै हुँदैन । यसैले जो देखिन्छ आवरणमा त्यो देखिने कुरा मात्र हो भित्री आवरण अर्कै हुन्छ, त्यसको गर्न सकिँदैन सितिमिति अनावरण । अरूको त के कुरा धरती बनेकी आमाले छोरीलाई छोरी मात्र देख्छे, छोरीजस्तै बुहारीमा 'छोरी' देख्तिन । सासूले 'बुहारी' नदेखेकै कारण कति 'बुहारी'ले ससुरालीमा सासूलाई स्वयम् भोग चढ्नुपरेको छ । छोरी पनि कसैकी 'बुहारी' हुन्छे भन्ने यथार्थ चटक्कै बिर्सेर 'बुहारी'माथि अगेनु खन्याउँछन्, मटितेल खन्याउँछन् र झोस्छन् आगो । खरानीमा परिणत हुन्छे 'बुहारी' । ती कसैकी छोरी हुन् भन्ने मान्छेले ⇒ 'सासू' मान्छेले बिर्सिदिँदा यस्तो हुन्छ । भइरहेको छ । यस्तो छ मान्छे ।

१२. यसैले मान्छे जो देखिन्छ, त्यो होइन । नदेखिएको पनि 'मान्छे' हो । खोज्नुपर्छ त्यसलाई ।

१३. वैज्ञानिक पनि हो, इन्जिनियर पनि हो मान्छे, चिकित्सक पनि । रकेट उडाउने चन्द्रमामा पाइला टेक्ने मान्छे मङ्गल ग्रहमा पाइला राख्न उद्यत छ । जानी नसक्नु रहस्यहरूको गर्भ खोतल्ने पनि उही हो । मान्छेजस्तै यस्तो रहस्य बोकेका स्थावर अरू भइदिए यो संसारको चित्र अर्कै हुन्थ्यो होला । धन्न ऊजस्तो अरू स्थावर नभएकैले उसले यो धरतीमा एकछत्र राज्य गरिरहेको छ, युगौँदेखि ⇒ ढुङ्गे युगदेखि अहिले साइबर युगसम्म । सम्भवतः अनन्त अनन्तसम्म पनि राजै गर्ला मान्छेले । यस्तो चिनिनसक्नुको मान्छे जति ज्ञानी, सिपालु, चलाक, बुद्धिमानी, विवेकी, मार्मिक, सन्त, महात्मा, विद्वान् छ त्यति नै मूर्ख, राक्षस, पापी । अधर्मी, अहङ्कारी, छद्मी, आडम्बरी, झगडिया, सुराखी, बदनाम पनि उतिकै छ । यो सब जान्दाजान्दै पनि एक दिन ऊ धरती छाडेर विलीन हुन पुग्छ र पनि उसका कुकर्महरू हराएका हुँदैनन् । एक दिन मर्नुपर्छ भन्ने जान्दाजान्दै मान्छेले नमरी संसार देख्दैन । मरेपछि त्यो 'कर्म' कुकर्म देखिने कुरा भएन स्वयम्ले । एउटा कुरा सत्य के हो भने मान्छेले जीवनकालभर स्वयम्लाई चिन्न सक्दैन, यतिसम्म कि मरेको दिन पनि उससित अलिकति बोल्ने श्वास रहेछ भने पनि स्वयम्लाई चिन्दैन । चिनिने त कर्मले हो । चिन्दाचिन्दै बुझ्दाबुझ्दै एक दिन निर्निमेष उसले आँखा पल्टाउँछ, मुट्ठी खोल्छ र खरानी हुन्छ, माटो हुन्छ, हावापानी यस्तै यस्तै के के हुन्छ । संसारमा मान्छेको गतिमति करोडौँकरोड वर्षदेखि सम्भवतः त्यसरी नै चलिरहेको होला ।

जानेर जानी नसक्नु
बुझेर बुझी नसक्नु
चिनेर चिनी नसक्नु
यस्तो छ मान्छे । तपाईं हामी सबैभित्र छ त्यो 'मान्छे' ।

**गजल**

# गजल

दीपेन्द्र श्रेष्ठ

बुबालाई पनि अहिले प्रेसरले छोएको छ
उमेर बहत्तरै भए पनि मन रहरले छोएको छ ।

पहिले पहिले त गाउँ पनि गाउँजस्तै लाग्थ्यो
अहिले गाउँमा पनि सहरले छोएको छ ।

सरकार सरकार फाट्टफुट्ट कतै देखिन थाल्यो
उराठलाग्दो ठाउँमा पनि नहरले छोएको छ ।

गाउँ गाउँमा सिंहदरबार होइन सिंह आएको हो
सजिलै हुने कामलाई पनि कहरले छोएको छ ।

नियात्रा

# बाटाघाटाविनाको सुन्दर आधुनिक गाउँ



सन्तोष रावत
(दुलियाजान, असम, भारत)

मोटर गाडीले मान्छेको जीवनलाई कति सजिलो पारेको छ । थरी थरीका मोटर गाडीका लागि चिल्ला चौडा बाटाहरू बनिएका छन् । ठुलासाना सहरमा बाटैबाटा । जति ठुला सहर उति नै धेरै बाटा । कस्तो हुन्छ बाटाविनाको गाउँ ? बाटाविनाको ठाउँ के कतै छ ? बाटाविनाको गाउँको कुरा सुनेको थिएँ । युरोपको नेदरल्यान्ड्समा मोटर गाडी, ट्याक्सी, रिक्सा, अटो आदि सवारी साधन चल्ने; बाटाविनाको गाउँ छ । तपाईंले पनि सुनेको वा पढेको हुनुपर्छ । यति खेर भाग्यले होला म त्यही देशमा आएर बसेको छु । अमस्टर्डमबाट धेरै टाडा होइन रहेछ । अमस्टर्डममा दुई महिना बस्दा त्यो ठाउँ नहेरी जानु मूर्खता हुने छ । साथीसँग कुरा गरेँ । उसले हाँसेर उडायो । भएको पो हेर्ने, नभएको के हेर्नु ? उसले दार्शनिकका जसरी उल्टै प्रश्न तेर्स्यायो । यो सुकरातको चेलासँग पारा मिलेन । मेरो मनमा भने खटपटी भइरहेको थियो । एक्लै भए पनि जाने निश्चय गरेँ । भोलिपल्ट आइतबार परेको थियो । बिहानै उठेर प्रातःकर्म सकेर चियाखाजाको साटो भातै पकाएँ, आलु र अन्डाको ग्रेभी सब्जी तयार पारेँ । आधा खाएँ, स्वादिष्ट भएछ । रहेको भातसब्जी हटकेसमा अरू सामान ब्यागमा हाली रेलस्टेसनतिर लागेँ । अमस्टर्डम सेन्ट्रेल स्टेसनबाट ०८.२० मा रेल छुट्यो । स्टिनविक भन्ने स्टेसनमा उत्रेर फेरि बसमा चढी डमिनी हिल्केभावेमा झरेँ । त्यहाँदेखि लमकलमक हिँडेर गिथर्न पुगेँ ।

गुगलले सबै सजिलो पारिदिएको छ । गुगल गुरु सधैँ साथमा भएपछि केको डर ?

तीन घण्टामा नहरैनहर पुरै क्षेत्रको परिभ्रमण गराएर ल्याउने सजिसजाउ सुन्दर मसिनबोट रहेछ । भाडा एक जनाको बिस युरो, भारतीय रुपियाँको हिसापमा झन्डै अठार सय । टिकट लिएँ र एक छिन पर्खिनुपऱ्यो । छ जना यात्री भएपछि ड्राइभरले इन्जन स्टार्ट गरे । चालक र गाइड एकै जना थिए । आइतबार भए पनि पर्यटकको खासै जमघट थिएन । सानो जलयानमा दुई जना गरी बस्ने तीन लहर सुन्दर गद्दीदार आरामदायक आसन थिए, आसनका छेउमा साना टेबिल । अघिल्लो लहरमा एक जोडी वृद्धवृद्धा बसे । पछिल्ला आसनमा दुई युवकयुवती, बिचको एउटा आसनमा म, मेरो देब्रेतिरको चेयरमा एउटी सत्तरोर्द्ध वृद्धा । पानीमाथि जलयान सललल कुद्दा मजा आयो, पछिल्तिरका युवकयुवती मुख थुनेर खितिती हाँसेको शब्द सुनियो । नहरका दुवै छेउमा समान दूरीमा घरहरू थिए । घरका अघि र दुवैतिर एकनासका हरियै छिमलका फूल फुलेका अति सुन्दर । एकतले (आसाम टाइप) भवनका छाना खरले छाएका जस्ता लागे । हाम्रातिर हुने खरबारी यहाँ पनि कतै छ होला । किन होला सबै घर एकनासे । बहुमन्जिला आरसीसी भवन यहाँ एउटै देखिएन ।

हाम्रो असामका गाउँका जस्ता घरहरू देखेर ट्वाल्ल परेर हेरिरहेको बेला मेरो छेउमा बसेकी आमैले तिमी कहाँबाट आएका ? भनेर सोधिन् । मैले 'अमस्टर्डमबाट' भन्दा फेरि 'त्यसो भए डच हो' भनिन् । 'होइन, इन्डियन ।' मैले उत्तर दिएँ । 'वाउ, द्याट्स ग्रेट ।' आमै खुसीले उफ्रिन खोजिन् । आमैले निकै ठुलो आवाजमा बोलेको सुनेर हाम्रा अघिल्तिरका आसनमा

बसेका दम्पतीले पछि फर्केर हेरे । उनीहरूले एउटै शब्द पनि बोलेनन् तर उनीहरूको निःशब्द हेराइले भनिरहेको थियो, 'यसरी चिच्याएर अरूलाई डिस्टर्ब गर्न पाइँदैन, शिष्टताको ख्याल राख्नू ।' सरी भनेर बुढी चुप भइन् । मौनतामा कत्रो शक्ति हुँदो रहेछ ! हामीपछिका आसनमा बस्ने युवायुवतीको प्रतिक्रिया केकस्तो थियो, देखिएन तर तिनीहरूको असन्तुष्टि अनुमेय थियो ।

धिमा गतिमा जलयान गतिमान थियो । नहरको पानी के हेर्नु, मेरा आँखा दुई छेउका सुन्दर घर, रूख र फूलमा थिए । सफा, सुन्दर र फराकिला घरहरू, समान समान दूरीमा उभिएका । घरका अघिल्तिर हरियो आँगन, नहरका किनारमा समान दूरीमा झ्याम्म परेका हरिया पौधा र एकनासे होचा रूखहरू । हेऱ्यो आँखा त्यतै टक्क अडिने सुन्दर दृश्य, मानौँ कुनै चित्रकारले उसको समस्त सिप निखारेर क्यानभासमा उतारेको ल्यान्डस्केप हो ।

नहरका दुवै छेउमा काष्ठनिर्मित पदपथ अनि घरको मूल ढोकाबाट पदपथसम्म काठैका कोरिडोर । लगभग एक किलोमिटर दूरीमा नहर वारपार गर्ने काठका साँघु । पदपथ र साँघुमा फट्याकफुटुक मान्छे ओहोरदोहोर गरिरहेका । एक घण्टा जतिपछि देब्रेतिर एउटा ठुलो चौरी देखियो, त्यहाँ नहरको छेउमा घरहरू थिएनन् । चौरीमा काला, सेता, राता, मुगा मटैला र टाटेपाङ्रे, छिर्केमिर्के गाईगोरु निहुरेर मस्तसँग चरिरहेका देखिए । सफा टलक्क टल्किने चिल्ला र ठुला दारका बलिया । तिनका सिङ र कान पनि ठुल्ठुला थिए । साना साना बाछा कति राम्रा । मैले पाँच वर्षकी भान्जी आयेसालाई सम्झेँ । तिनी यहाँ भएकी भए एउटा छिर्केमिर्के बाछो लिएर जाने जिद गर्ने थिई । पोहोर साल काजिरङ्गा हेर्न जाँदा मिर्गको पाठो देखेर घर लान कम जुलुम गरिन ।

चालकले गाडीको गति एकदमै धिमा पारिदिए । हामीले फोटा खिच्यौँ । आमैले गाईको छेवैमा गएर फोटा खिच्ने कुरा गरिन् । हामी सबैले आमैका कुरालाई समर्थन गर्दै 'येस येस वी टु लाइक टु टेक सम स्नेप्स' भन्यौ तर हाम्रा चालक-कम-गाइडले विनम्रताका साथ भने, ' त्यसको अनुमति छैन ।' त्यसो गर्दा जीवजन्तुको स्वाभाविक चालचलनमा बाधा पर्न सक्छ । यसै त गाईगोरु शान्त प्राणी हुन् तर छेउमा जाँदा उफ्रेर भाग्न सक्छन् अनि लडाउन वा सिङले हान्न पनि सक्छन् । उनले त्यसको कारण पनि बताए ।

चालकले सही कुरा गरे, केटौले उमेरका भए पनि अनुभवी र ज्ञानी रहेछन् । युक्रेनका अरे । नाम दुईतीन खेप भने तर याद रहेन । सुन्दर अङ्ग्रेजी बोल्दा रहेछन् ।

एक बजे टाइम हेरेर आमैले उनको ब्याग खोलेर एउटा पोको झिकिन् । त्यहाँबाट टल्किने कागजमा बेह्रेको उसिनेको मासु निकालेर, त्यसमा अलिकति सस चुहाइन् । मलाई त्यो बिफ होला भन्ने शङ्का भयो । नुनको सानो पुरिया, एउटा बन र एउटा बट्टाबाट सलाद निकालेर अघिल्तिरको सानो टेबिलमा फिजाइन्, छेउमा पानीको बोतल पनि राखिन् । त्यसपछि एउटा चक्कू र काँटा-चम्ची पनि निकालिन् । म अर्कातिर फर्के जसो गरे पनि मेरा छेवैमा हुनाले आमैको कर्मकाण्ड देखिरहेको थिएँ । खाने बेलामा पुलुक्क मतिर हेरेर सोधिन्, 'कतिखेर खान्छौ ?' मैले आफ्नो ब्यागतिर देखाएर मेरो टिफिन यहाँ छ भन्ने सङ्केत गर्दै भनेँ, 'आफ्टर टु ।' दुई बजेपछि । उनले अरू कुरा नगरी सस दलेको मासुको टुक्रा मुखमा हालिन् ।

दुई बजे जहाँबाट चढेका थियौँ त्यहीँ ल्याइपुऱ्याएर हाम्रो जलयान ठ्याक्क रोकियो । खेला खतम पैसा हजम । हेर्नुपर्ने केही छैन भन्ने होइन रहेछ । नहरले जोडेको रहेछ यहाँको

हरेक घरलाई । यहाँको जीवनशैली बिल्कुलै अलग रहेछ । नहरको पानी वैज्ञानिक तरिकाले शोधन तथा नियन्त्रण गरिन्छ भन्ने सुनेर आश्चर्य लाग्यो । हाम्रो देशमा नदीनाला छन् तर ती हिउँदमा सुकेर जान्छन् भने बर्खामा बाढीले ज्यानमालको क्षति गर्छ । कहिलेकाहीँ बर्खामा पनि पानीको अभावमा खडेरी लाग्छ, खेत फाटेर धुजाधुजा हुन्छ ।

कहिले होला हाम्रो देशमा बाढीको नियन्त्रण ।

सबैसँग 'बाइ–बाइ' गर्दै म अलिक पर्तिरको पार्कमा गएर सार्वजनिक वासरूममा फ्रेस भएँ । त्यसपछि चौरीको बेन्चीमा बसी खाजाको पोको खोल्दै थिएँ, हाम्रा अघिल्तिर बस्ने प्रौढ दम्पती पनि मुसुक्क हाँस्तै छेउको बेन्चमा बसे । आमैले पोको खोलिन्, बाले थर्मसबाट चिया हो कि कफी ग्लासमा खन्याए । आमैले खाएको समयमा मैले पनि खाँदा हुने तर किन हो त्यहाँ खानु ठिक लागेन । मजाले भोक लागेको थियो । हटकेसको बिर्को खोल्नासाथ खानाको सुगन्धले भोकलाई दुगुना पाऱ्यो । भात र आलु–अन्डाको तरकारीसँग डब्बा रित्याएर चाटिचुटी खाएँ अनि टिसुपेपरले मुख पुछेर फ्याक्ने र राख्ने सबै सामान ब्यागमा हालेर बाटो लागेँ । बसपार्कमा छसात मिनट पर्खिनुपऱ्यो । बसमा चढेर स्टिनविक स्टेसनमा झरेँ अनि अमस्टर्डमको ट्रेनमा चढेँ । बस र रेलको समय मिलाएको हुँदो हो, कहीँ पनि धेरै बेर पर्खिनु नपर्ने ।

कोठामा आइपुग्दा पाँच बजेको थियो । मैले ढोका खोलेको चाल पाएर पल्लो कोठाबाट कपिल आयो । म थाकेर लुगा पनि नखोली ओछ्यानमा पल्टेको थिएँ । म चिया बनाउँछु, दश मिनटपछि आउनू भनेर कपिल उसको कोठामा गयो । म पस्दा ऊ ब्रेडमा जाम दल्दै थियो । मैले उसलाई अन्डा छोडाउन सघाएँ । चिया खाउन्जेलमा बाटाघाटाविनाको गाउँको कथा सुनाएँ । जान नसकेकोमा उसले थक्क थक्क मान्यो । ब्रेड, अन्डा र चिया खाएपछि निकै उर्जा प्राप्त भएछ, जिउमा फुर्ती जाग्यो ।

गजल



# गजल


**अरविन्द कुमार यादव 'कवि'**
**(राजविराज कारागार, सप्तरी)**


मिलनका ती अन्तिम रातहरूले आज मलाई सताइरहेछन्
सफरमा छुटेका ती हातहरूले आज मलाई सताइरहेछन् ।

अभावैअभावले भरिएका मेरा यी दुःखका दिनहरूमा
खुसीले बितेका ती साथहरूले आज मलाई सताइरहेछन् ।

हावाहुरीले उजाड बनाएको यस जीवनका यी घरआँगनीमा
यो वसन्तका फूलपातहरूले आज मलाई सताइरहेछन् ।

आफूलाई आफ्नै परिबन्दले यसरी जेल सजाय दिलाएपछि
कैदीबन्दीका नराम्रा बातहरूले आज मलाई सताइरहेछन् ।

निबन्ध

# देश

छायादत्त न्यौपाने 'बगर'



म देश हुँ । म धेरै प्राणीको घर । म सबै जीवजन्तुलाई काख उपलब्ध गराउँछु । मेरो काख सबैका लागि न्यानो छ । मेरो काखले सबैलाई तातोचिसो बराबर दिन्छ । मेरा जिउका रूखबिरूवाले फाल्ने हावा एकनासको हुन्छ । मेरा अङ्ग पहाडपर्वत र पाखापखेराले उत्पादन गर्ने जडीबुटी सबैका साझा हुन् । मलाई अँगालो मारेर बग्ने नदी, खोला र झरनाहरू देशमा बस्ने सबै प्राणीका आफ्नै हुन् । मसँग तालहरू पनि छन् । मान्छेले खेतबारीमा उत्पादन गर्ने खेतीबालीको तिर्खा मेटाउने यिनैले हो ।

मलाई हराभरा पार्ने प्रकृति मेरै इच्छाबमोजिम फस्टाउँछ । म मान्छेको सुझबुझ र विवेकअनुसार सीमाबद्ध भएर बसेको हुन्छु । मलाई चारैतिरबाट घेर्ने मेरै सहोदर दाइभाइ हुन् । हामी दाजुभाइको छुट्टीभिन्न मान्छेको बाहुबल, बुद्धिबल र भावनाअनुसार हुन्छ । मान्छे आपसमा छिनाझम्टी गरेर मेरो सीमारेखा वरपर पुर्‍याउन सक्छन् । म सिङ्गै पृथ्वी देश भनेर चिनिन चाहन्छु तर मान्छेको रहरले मलाई भाइ भाइमा छुट्याएको छ । हामी फरक फरक नामले चिनिएका छौँ ।

हो साथीहरू, म देश हुँ । मेरो शरीर विशाल भूमिमा फैलिएको छ । मान्छेहरू मलाई प्रान्त, जिल्ला, गाउँपालिका, नगरपालिका, महानगरपालिका, वडामा बाँडेर आफू अनुकूल पार्छन् । यसरी मलाई प्रशासनिक विभाजनमा बाँड्छन् । यो विभाजनले मान्छेको बसोबासलाई सजिलो बनाउँछ । मान्छेको बस्ती बसाउन यस्तो प्रशासनिक वर्गीकरणले सघाउँछ । यसबाट मान्छेले घर कहाँनेर बनाउने ? यताउता आउन/जान सजिलो बाटो कसरी तयार पार्ने ? खानेपानीको तहबह कतातिर मिलाउने ? खेतीपाती गर्न कुन भाग राम्रो होला भनेर थाहा पाउने ? बजार कतातिर बसाउँदा धेरै मान्छेलाई पायक पर्छ ? वन्यजन्तुको बसोबास र हरियाली कायम राख्न वनबुट्यान आदिको बन्दोबस्त कतातिर मिलाउने ? यी र यस्तै काम कुराको विचार गरी गरिने बाँडफाँड नै प्रशासनिक वर्गीकरण हो । यसरी गरिएको प्रशासनिक वर्गीकरणबाट मान्छेको जीवन निर्वाहलाई सजिलो बनाउने विभिन्न विकासका काम गर्न सहज हुन्छ । म यिनै वर्गीकरणअनुसारका गाउँपालिका, नगरपालिका, महानगरपालिका, जिल्ला र प्रान्तको साझा नाम देश भनेर चिनिँदै आएको छु । पछि पनि चिनिँदै रहने छु ।

देश भनेको नापझाँप गरी छुट्याएर निश्चित सीमारेखा किटान गरिएको भूगोलको नाम हो । यसरी बनेको निश्चित भूगोलभित्र बस्ने मान्छे देशबासी हुन् । जो जुन देशमा बस्छन् तिनलाई त्यही देशको नामसित जोडेर चिनिन्छ । नेपालमा बस्ने नेपाली, भारतमा बस्ने भारतीय, भुटानमा बस्ने भुटानी । देशको नाम जे भए पनि त्यहाँ बस्ने मान्छेले पाउने सरसुविधाका लागि गरिने प्रशासनिक कामकारबाही उस्तै उस्तै छन् र हरेक देशका आआफ्नै विशेषता पनि छन् । हरेक देशको भौगोलिक सुरक्षा गरी बासिन्दालाई समान अवसर तथा कानुनी सहयोग दिन चाहिने नियमकानुन बनाउने ठाउँ व्यवस्थापिका हुन्छ । यसलाई संसद् पनि भनिन्छ । देशबासी सबैलाई न्याय दिने न्यायपालिका हुन्छ । यसलाई अदालत भनिन्छ ।

यसै गरी विकासका योजना बनाएर तिनको कार्यान्वयन गर्ने कार्यपालिका हुन्छ । यसलाई सरकार वा कार्यकारी भनिन्छ । यिनै व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकाले मेरो काखमा बस्ने बासिन्दा सबैलाई व्यक्तिगत उन्नति गर्ने बराबर अवसर दिन्छन् । देशबासीलाई व्यवस्थित र अनुशासित राख्ने पनि यिनैले हो ।

संसारमा धेरै देश छौँ । प्रत्येक देशले राम्ररी सञ्चालन हुन मूल कानुन बनाएका हुन्छौँ । यस्तो कानुन संविधान हो । यही संविधानले निर्देश गरेअनुसार देशभित्रका मान्छेहरू सञ्चालित हुन्छन् । मान्छेलाई पढ्ने, लेख्ने, खेतीपाती गर्ने, उद्योग चलाउने, पसल खोल्ने अधिकारको व्यवस्था यही मूल कानुनमा गरिएको हुन्छ । हरेक मान्छेले आआफ्नो देशको संविधानले दिएको अधिकार प्रयोग गरेर काम गर्छन् । यसैअनुसार सेवासुविधा लिएर बस्छन् । मान्छेले आआफ्नो देशको प्रगतिका लागि सहयोग गर्छन् । यसले देशबासीलाई आवश्यक पर्ने कानुनी सेवासुविधा दिएर सहयोग गर्छ । यसरी एक सिक्काका दुई पाटाझैँ भएर म र मसँगै बसोबास गर्ने मान्छेको सम्बन्ध एकअर्कासँग घनिष्ठ रूपले गाँसिएको हुन्छ ।

शब्दभित्रभित्रै पसेर अर्थ खोज्ने हो भने देश भनेको निश्चित भूगोल, त्यहाँ रहेको वनस्पति, जोडिएको इतिहास, बसोबास गर्ने मान्छे र ती मान्छेले पछ्याएको भाषा, संस्कृति र संस्कार हो । यिनलाई देशकै परिपूरक अङ्ग मानिन्छ । यी सबै अङ्गको एउटै सजिलो नाम देश हो । मैले जहाँ जहिले पनि यी सबैको प्रतिनिधित्व गरिरहेको हुन्छु । देश शब्दको पूरा अर्थ भनेकै भूगोल, प्रकृति, बासिन्दा र बासिन्दाले प्रचलनमा ल्याएको भाषा संस्कृति, वेशभूषा, रहनसहनजस्ता धेरै मौलिक परिचयको साझा नाम हो ।

मलाई देश भनेर चिनाउने तपाईं मान्छेहरू नै हो । आजको विज्ञानले दिएको चहलपहल मान्छेकै उत्पादन हो । मलाई सीमा तोकेर खनजोत गर्ने पनि मान्छेकै काम हो । म त मान्छेकै इच्छाबमोजिम भौतिक सुख दिन सक्छु । म आफैले दिने भनेको समान प्राकृतिक सुविधा हो । सबै मेरा असल सन्तान मिलेर बसुन् । मेरो उपयोग गर्ने अवसर बराबर पाउन् । मेरो शरीरमा चलखेल गर्दा सबैलाई उतिकै न्यानो अनुभूति होस् जति बिहानका झुल्केघामबाट हुन्छ । मैले त मेरो काखमा जन्मी हुर्किनेमध्ये कोही टन्न खाएर मोटाएको कसैले खान नपाएर ख्याउटिएको दृश्य हेर्न सक्तिनँ । म त चाहन्छु सबै सन्तान एकैनास मुस्कुराउन् । मलाई त मान्छेले व्यक्ति स्वार्थ छाडेर दाइभाइ र दिदीबहिनी सरह आत्मीय नाता जोडिदिए रमाइलो लाग्छ । मान्छेको मन राम्रो भएर यसो हुन सके मानवता र मेरो रहर दुवै सुखले बाँच्ने थिए ।

साथीलाई लाग्यो होला, यस देशले त खालि देश देशको कुरो गऱ्यो ! खै, कुन देश कसको ? भनेर पत्तै पाइएन । यो त तपाईंहरूलाई थाहा भएकै कुरा हो, मैले भनिरहनुपर्दैन । जो जहाँ जन्मेर हुर्किनुभयो, बढ्नुभयो, पढलेख गर्नुभयो, बस्दै हुनुहुन्छ त्यही देश तपाईंको हो । तपाईंका बाआमा जुन देशका हुनुहुन्छ त्यही देश तपाईंको हो । अर्को शब्दमा भन्नुपर्दा आफू जन्मेको भूमि आफ्नो देश हो । तपाईंहरू देशलाई जन्मभूमि, मुलुक, राष्ट्र, थातथलोजस्ता अरू अरू नामले पनि चिन्न सक्नुहुन्छ । अँ, नबिर्सनुहोला भाषाअनुसार देशलाई चिनाउने शब्द फरक पर्न सक्छ ।

ल साथीहरू, तपाईंका अग्रज पितापुर्खाले मेरा लागि दिएको मेरो परिचय यही हो । तपाईंले यसैमा चित्त बुझाउनुभयो भने राम्रो भयो । बुझेन भने अर्को भेटमा गफिऔँला, अहिले नै भने बिदा हौँ है त ! 'अस्तु'

(cdnyaupane@gmail .com)

# कोरोना कहरको क्रन्दन



रामदयाल राकेश

हन्ड्रेड समूहले पनि लकडाउनमा हरेक दिन २.४० देखि पशुपतिमा नियमित रूपमा खाना खुवायो । लकडाउनको सुरूआती दिनमा ५०/६० जनालाई मात्रै खाना खुवाइरहेकोमा त्यसपछि त्यो सङ्ख्या बढेर पाँच सयसम्म पुग्यो । काठमाडौँमा कोठा लिएर बस्नेहरू दैनिक ज्यालामजदुरी गर्न काठमाडौँमा बस्न बाध्य भएकाहरू निःशुल्क खाना खानेतिर लागे । त्यस्तो संवेदनशील समयमा पनि न काठमाडौँ महानगरपालिकाबाट न ललितपुर, भक्तपुर र कीर्तिपुर नगरपालिकासँग कुनै योजना थियो न कुनै राहतको व्यवस्था गर्ने सोच पलाएको थियो । यी महानगरपालिका र नगरपालिकाले खाली कर लिने तर मानवतावादी काममा कुनै चासो नलिनु सबैभन्दा दुःखको कुरो थियो । सङ्घीय सरकार, प्रादेशिक सरकार र स्थानीय सरकारको उदासिन व्यवहारले गर्दा सबै मानिस निराश बन्नु स्वाभाविक थियो । यस्तो सरकारी रवैया कदापि सराहनीय र समय सुहाउँदो नभएको सबै सर्वसाधारणलाई लागेको थियो ।

पहिलो लडकडाउनमा एक दिन भए पनि घरमुलीको सिफारिसमा डेरावाललाई राहत वितरण गरिएको थियो । त्यो घटना यस पङ्क्तिकारले आफ्नै आँखाले देखेको थियो । यसका विपरीत दोस्रो लकडाउनमा राहतको कार्यक्रमको अत्तोपत्तो थिएन । त्यस्तै दुःखद बेलामा स्थानीय प्रशासन पनि सुतिरहेको जस्तो लाग्थ्यो । सबैभन्दा बेहाल बनेका थिए दैनिक मजदुरी गरेर गुजरबसर गर्ने श्रमिक र तिनका परिवार, दैनिक ज्यालादारीमा आफ्नो श्रम बेच्ने मानिस जसलाई गाँस, बास र कपासको समस्या थियो । तिनीहरूको जीवन कति कष्टकर हुँदै थियो कोरोना कालमा भन्ने चिन्ता सरकारलाई थिएन । संवेदनशीलताको ह्रासोन्मुख स्थिति देखा पर्दै थियो तर पनि सरकार बेवास्ता गर्दै निर्लज्ज व्यवहार देखाइराखेको थियो । सत्ताको लुछाचुडी र लोभलालचमा दिनानुदिन लोभिँदै गएको लज्जाजनक स्थिति थियो । यस्ता लोमहर्षक दृश्य आम मानिसले आफ्नो आँखाअगाडिको पर्दामा टुलुटुलु हेरिराखेका थिए । सरकारको राजनीतिक नाटक र नौटङ्की पनि चलिराखेको थियो । यसमा सबै दल, नेता र कार्यकर्ता समान रूपमा भाग लिइरहेका थिए । सबैलाई सत्तामा बसेर सुखसयल गर्ने सुनौलो अवसर आएको थियो र कसरी त्यस अवसरलाई प्राप्त गर्ने भन्ने लोभले सताइरहेको थियो । कोलाहलको कहरभन्दा यो राजनीतिक कोलाहलबाट मानिसहरू आजित भइसकेका थिए । तिनीहरूको नाङ्गो नाच जारी थियो । तिनीहरू निश्चिन्त भएर नाङ्गो नाचमा सहभागी भइरहेका थिए ।

सिंहदरबारदेखि बालुवाटार र शीतल निवाससम्म यो नाङ्गो नाच भइराखेको थियो । यसमा सहभ(ागी नेता र कार्यकर्ताले समान रूपमा साथ दिइरहेका थिए । तिनीहरू सबैले खोप लगाएकाले तिनीहरूलाई कोरोनाको डर थिएन । सुरक्षित रहेको बहानामा हिँडेर गन्तव्यस्थानसम्म पुग्थे र आआफ्नो स्वार्थसिद्धिका लागि सतत संलग्न रहन्थे । जनता जिन्दा रहे, सुरक्षित र संयमित रहे पो ती दलहरू दुनो सोझ्याउन सफल हुन्थे । सर्वप्रथमतः सर्वसाधारणको जिन्दगीलाई बढीभन्दा

बढी महत्त्व दिनुपर्ने हो । त्यसपछि आफ्नो स्वार्थसिद्धिको सिद्धान्तलाई पालना गर्नुपर्ने हो । कोरोना कहर अनियन्त्रित हुँदै गए पनि कतिपय नगरपालिका र उपमहानगरपालिकामा सिटामोलसम्म पाइँदैनथ्यो । क्वारेन्टाइन बनाइएको त थियो तर त्यसमा बस्ने मानसिलाई समुचित खाना पाउन गाह्रो परिराखेको थियो । विराटनगरजस्तो सहरमा सिटामोल नपाउनु कतिको चिन्ताजनक कुरो थियो । तराईमधेसका धेरैजसो जिल्लामा पनि सिटामोलको अभाव भएको खबर आइरहेको थियो । सर्लाहीको हरिवन र गौढेता नगरपालिकाले चाहिँ यस मामलामा सराहनीय काम गरिराखेका थिए । अन्य ठाउँमा क्वारेन्टाइनमा पनि बेहाल थियो । कतिपय पहाडी जिल्लामा पनि आवश्यक औषधीको अभाव खट्किरहेको थियो । यस्तो दुःखद घडीमा गरिएको बेवास्ताचाहिँ व्यावहारिक थिएन । त्यस दुरावस्थाप्रति सबैमा असन्तोष थियो ।

लुम्बिनी प्रादेशिक अस्पतालको खबर झन् डरलाग्दो थियो । त्यस अस्पतालमा निर्मित आकस्मिक कक्ष, फिभर क्लिनिक र वार्डमा गरी १६५ कोरोना सङ्क्रमित बिरामी उपचाररत थिए । अस्पतालले सञ्चालन गरेको कोरोना विशेष अस्पतालमा ३६ एच.डि.यु. र १६ अक्सिजन गरी ५४ बेडमा बिरामी थिए । अस्पतालले कोरोना अस्पतालमा भर्ना भएका बिरामीलाई अक्सिजन पुऱ्याएको थियो तर आकस्मिक र वार्डका बिरामीलाई अक्सिजन पुऱ्याउन सकेको थिएन । अस्पतालका कोरोना फोकल पर्सन डा. नन्दप्रसाद पाठकले बताउनुभएको थियो, 'मानवीय नाताले पनि हामी बिरामीलाई राख्न बाध्य भएका छौँ तर अक्सिजनको अभावले गर्दा कतिपय बिरामी छट्पटाइरहेका छन् । हामीसँग टुलुटुलु हेरेर बस्नेबाहेक अरू कुनै विकल्प छैन ।'

कतिपयले त यस्तो पनि भन्थे कि अक्सिजनको जोहो तपाईंहरू आफैले गर्नुहोस् । यसमा सोर्सफोर्स भएका मानिसले अक्सिजनको जोहो गर्न सफल भए तर निरीह, गरिब, सीमान्तकृत र किनाराकृत मानिस दिनहुँ ठाउँ ठाउँमा कोरोनाको सिकार भइराखेका थिए । यस्तो विषम परिस्थितिको सामना प्रायःजसो सबै प्रादेशिक अस्पतालले गरे । यस्तो भयावह स्थितिको सामना गर्नका लागि प्रत्येक सरकार असमर्थ भइराखेका थिए । के स्थानीय सरकार, के प्रादेशिक सरकार र के सङ्घीय सरकार सबैको स्थिति यस्तै निरीह भएको खण्डमा सर्वसाधारणको मनमा डर, भय, त्रासको अनुभव हुनु स्वाभाविक थियो ।

दाङबाट पनि अत्यासलाग्दो खबर आइरहेको थियो । त्यस बेला राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानकी उपकुलपति डा. सरिता भण्डारीले एउटा अन्तर्वार्तामा भनेकी कुरा सन्तुलित लाग्यो । उनले भनेको कुरो विचारणीय लाग्यो । हामीकहाँ अस्पतालमा पुरै बेड सङ्ख्या भनेको १२३ हो । प्रतिष्ठान बेलझुन्डीमा रहेको कोरोना विशेष अस्पतालजस्तो पनि छैन । बेलझुन्डीमा त कोरोनाका बिरामी भोकै परे । हामीकहाँ त कोरोनाबाहेकका अन्य बिरामी पनि आउँछन् । ती बिरामीलाई पनि हेर्नैपऱ्यो । कोभिड सङ्क्रमितको उपचारका नाममा अन्य रोगका बिरामीलाई पनि बचाउनुपऱ्यो नि । उनले एउटा महत्त्वपूर्ण कुरा के भनिन् भने पोहोर हामीले अक्सिजन प्लान्टको माग गर्दा सरकारले रेस्पोन्स नै गरेन । यहाँनिर सरकारको अदूरदर्शिता छ । दोस्रो लहरको कोरोना सङ्क्रमण युरोपमा फैलिसकेको थियो । त्यो सङ्क्रमण नेपालमा आउने खतरा बढेको थियो नै । अनि तीन महिनाअगाडि भारतमा महामारीकै रूपमा कोरोना फैलिसक्दा पनि जिल्लामा अक्सिजनको प्लान्ट राख्न सरकारले चासो दिएन त । चासो दिएको भए पनि हामीले अक्सिजन प्लान्ट जडान गरिसकेका हुन्थ्यौँ । प्रतिष्ठानलाई नै अक्सिजन प्लान्ट चाहिन्छ भनेको होइन नि । क्रमशः

समालोचना

# 'ओरालोको सिलसिला' लघुकथासङ्ग्रहको अध्ययन



डा. शेखरकुमार श्रेष्ठ

**१. विषयप्रवेश**

ध्रुव मधिकर्मी नेपाली तथा नेपाल भाषामा कलम चलाउने मूर्धन्य स्रष्टा हुन् । उनको जन्म २०१५ साल कात्तिक १४ गते भक्तपुरमा भएको हो । उनका पिता आदिदास मधिकर्मी र माता इन्द्रमाया मधिकर्मी हुन् । २०३३ सालदेखि साहित्य सिर्जनामा लागेका मधिकर्मीका **समय सन्दर्भ** (कवितासङ्ग्रह २०३९), **पीडाको जङ्गल** (गजलसङ्ग्रह २०६८), **जिन्दगी र समय** (२०४५) तथा **दृष्टि र घनघोर जङ्गल** (२०५८) कथासङ्ग्रह, लघु लघुकथासङ्ग्रह (संयुक्त, २०३५), **बुद्ध कहीँ छैन** (२०५१) र **ओरालोको सिलसिला** (२०७८) लघुकथासङ्ग्रह, **समकालीन नेपाली कविताका प्रवृत्ति र स्वर** (समालोचनासङ्ग्रह), **अवतार विघटन** (संयुक्त उपन्यास) जस्ता कृति प्रकाशित छन् । यसै गरी नेपाल भाषामा उनको **ध्रुव मधिकर्मीया बाखं** प्रकाशित छ ।

यस लेखमा २०५० देखि २०७१ सालसम्म विभिन्न पत्रपत्रिकामा प्रकाशित भई **ओरोलोको सिलसिला**मा सङ्गृहीत ४० ओटा लघुकथाको अध्ययन लघुकथा तत्त्वका आधारमा गरिएको छ । यो कृति २०७२/७३ मा नै प्रकाशनार्थ तयार थियो तर सात वर्षपछि प्रकाशित भयो ।

**२. सैद्धान्तिक आधार**

लघुकथा आख्यान विधाको उपविधाअन्तर्गत पर्छ । जीवन र जगत्‌को एउटा प्रवाहमा जमेको घटनालाई शृङ्खलाबद्ध रूपमा गद्य भाषाका माध्यमबाट कुतूहल, कलात्मक सिर्जना गर्दै चोटिलो समापनका साथ छोटो आयाममा प्रस्तुत गरिएको रचना लघुकथा हो । लघुकथा आख्यानको लघु रूप भए पनि यसमा प्रस्तुत हुने संरचना वा तत्त्वका कारण यो आफैमा पूर्ण हुन्छ । यसका तत्त्व भनेको लघुकथा लेखनका लागि आवश्यक पर्ने साधन हो । यसका अध्येताले लघुकथा लेखनका तत्त्व निरूपण गरेका छन् । यहाँ कथानक, चरित्र, परिवेश, भाषाशैली, उद्देश्य र शीर्षकका आधारमा ओरालाको सिलसिलाक लघुकथाको अध्ययन गरिएको छ ।

**२.१. विषयवस्तु**

प्रस्तुत सङ्ग्रहमा सङ्गृहीत पहिलो लघुकथा '**संस्कार**' हो । यसमा आफूलाई आधुनिक बनाउँदै ऊ पात्रले प्राचीन मूल्यमान्यतालाई अन्धविश्वास मानी ईश्वर नहुने कुरा साथीसँग गरेको छ । उसले साथीसँग मूर्तिलाई ढुङ्गा घोषणा गर्छ । विवाद बढ्दै जाँदा साथीले मूर्तिमा ईश्वर नभए लात हानेर नास्तिक भएको प्रमाणित गर्न चुनौती दिन्छ । यसलाई स्विकार्दै सुस्मा ऊ पात्रले आफू नास्तिक भएको देखाउन मूर्ति छेउमा एकान्त पारी जान्छ तर लात हान्न सक्दैन । यसरी यसमा मानिसले आफूलाई जतिसुकै नास्तिक ठाने पनि उसभित्र रहेको आदिम संस्कारका कारण नास्तिक बन्न नसक्ने आशय प्रकटित छ । यसमा सांस्कृतिक मनोविज्ञान छ ।

'**जत्था**'मा बलियो पक्ष वा समूहबाट कमजोर वा एक्लो व्यक्ति पीडित बन्ने कुरा छ ।

यसमा तिनीहरू (समूह) ले ऊ (एक्लो) व्यक्तिलाई आफूसँग भएका हतियारले तर्साई बन्धक बनाउँछ । यस बन्धनबाट मुक्ति लिन ऊ पात्रले दाजुभाइ र आफन्त हेर्नुपर्ने कुरा बताउँदा चलमलाउने गोडा बाँधिदिन्छन् । छोराछोरी झगडा गर्न लागेको कुरा गरी छुट्याउनलाई छाड्नभन्दा तिनीहरूले हातहरू बन्धक बनाइदिन्छन् । ऊ पात्रले श्रीमतीलाई प्रेम दिन आफूलाई छाड्नभन्दा उनीहरूले छाती नै ढुङ्गा जस्तो कठोर बनाइदिन्छन् । यसै क्रममा ऊ पात्रले आफ्नो इच्छा विपरीत बन्धक बनाएको कुरा गर्दा तिनीहरूको इच्छा पूरा नगरेकाले बन्दी बनाएको सुनाउँछन् । अन्तमा तिनीहरूको विचार ऊ पात्रले कुनै हालतमा नमान्ने भन्दा जबर्जस्ती बलपूर्वक घिसारेर आफ्नो समूहमा लैजान्छन् । यस स्थितिमा ऊ पात्रले शरीर आफ्नो भए पनि आफ्नो नियन्त्रणमा नरहेको महसुस गर्छ । उसले आफूमा रहेको स्वतन्त्रता मरेको ठहर गर्छ । यसरी यसमा बलियो जत्था, विस्तारवादी शक्ति, ठुला पार्टी, सङ्गठन, हातहतियारले अरूलाई अधीनमा लिँदा मानवीय स्वतन्त्रता खोसेको कुरा आएको छ । यस लघुकथाले दश वर्षे जनयुद्धको प्रताडनालाई मार्मिक रूपमा चित्रण गरेको छ । साथै शक्तिसम्पन्न राष्ट्रले नेपाल, नेपालीको स्वतन्त्र विचार आदि कब्जा गरेको कुरासमेत उल्लेख गरेको छ । यस कथाले निरीह व्यक्ति, समाज, राष्ट्र आदि शक्तिशालीको बन्धनमा पर्ने कुरा गरेको छ । यो कथा राजनीतिक र विस्तारवादी विषयसँग सम्बन्धित छ ।

'**शुभचिन्तक**'मा प्रजातन्त्र प्राप्तिका लागि जीवन दाउमा राखेर क्रान्तिमा सहभागी हुँदा साथ दिने आफन्त नभएको तर प्रजातन्त्र आई मन्त्री बनेपछि गोरु बेचेको साइनो जोडेर नभएका आफन्त पनि शुभचिन्तक बनी आएको कुरा छ । यसमा राजनीतिक विद्रोह र क्रान्ति सफल भएपछिको राजनीतिककर्मीको फरक जीवनलाई मानिसले हेर्ने मनोवृत्ति प्रस्तुत छ ।

'**कमाइ**'ले भारतबाट नेपालीले विभिन्न कुरा सहयोग लिने क्रममा दाइजो प्रथा पनि लिएको कुरा व्यक्त गरिएको छ । यसमा भारतको कुनै सहरमा बस्ने मारवाडी नेपाल आई व्यापार गर्दै बसेको कुरा छ । मारवाडीले छोरा जन्मेपछि एक लाख कमाइ भएको भनी छोराको जन्ममा खुसी मनाएको कुरा छ । यस कथाले एकातिर भारतीय नागरिकको नेपाल प्रवेश देखाएको छ भने अर्कातिर भारतीय संस्कृतिको प्रभावका कारण नेपालमा तिलक प्रथा र अधिक दाइजो दिनुपर्ने संस्कार भित्रिएको कुरा उल्लेख छ । यस कथाले सामाजिक विसङ्गति, सांस्कृतिक अतिक्रमण, भारतीय नागरिकको नेपालमा खुलेआम बसोबास रहेको कुरा व्यक्त गरेको छ ।

'**लक्ष्य**'मा ऊ पात्र लक्ष्यमा पुग्न तीव्र गतिको यात्रामा सरिक भएर अगाडि पुगे पनि कहाँ पुगेको थाहा नपाई रुमल्लिएको छ । यस कथामा लक्ष्यविहीन यात्राले मानिस, समाज, राजनीति, देशलाई कुहिरोभित्र अलमलिरहेको काग बनाएको कुरा छ । यसमा तिस वर्षको यात्रा देखाई पञ्चायती व्यवस्था फाली नेपाल अगाडि बढे पनि कहाँ पुगेर यात्राको अन्त हुने भन्ने अलमलले नेपालको आन्दोलन सडकमा अलमिलरहेको कुरा देखाइएको छ । यसमा मानिसले आफूलाई जतिसुकै परिवर्तन गरे पनि अन्तमा बाटाको भेउ नपाई अलमलिने कुरा छ । यसले पौरस्त्य ब्रह्मज्ञानरहित दार्शनिक चिन्तनलाई पनि ध्वन्यात्मक रूपमा अभिव्यक्त गरेको छ ।

'**भुत्ते हतियार**'मा ऊ पात्रसँग भुत्ते हतियार भएको देखाइएको छ । ऊ पात्रले आफूसँग भएको त्यही हतियार लिएर निरीह र निर्दोष मानिसलाई आफ्नो अधीनमा राखेको थियो । उसको हैकमी प्रवृत्ति लामो समय चल्छ । हतियारबाट त्रसित मानिसले उसबाट भयभीत भई उसलाई मानसम्मान गर्छन् । समयक्रमसँगै जनताले उसको हतियार भुत्ते भएको देख्छन्

अनि सामान्य जनताले पनि उसको हैकम मान्न छाड्छन् । यस कथाले पुरानो विचारलाई कसैले नमान्ने कुरा एकातिर गरेको । डर र त्रासमा गरिने राजनीति क्षणभङ्गुर हुने कुरा देखाइएको छ ।

**'घरझगडा'** लघुकथामा तिनीहरू पात्र छन् । यसमा पुरानो, अपायक, सानो घर भत्काएर बनाउन सबैको सहमति जुटे पनि घर भत्किएपछि कस्तो घर बनाउने भन्नेमा मत बाझिँदा घरबारविहीन भएको स्थिति छ । यसमा पुरानो सत्ता र संविधान फालिएपछि नयाँ सत्ता र संविधान कस्तो बनाउने भन्ने विषयमा झगडा पर्दा देश बेथितिको सिकार भएको कुरा व्यञ्जना अर्थमा आएको छ । यस कथाले गतिछाडा राजनीतिक माहोल प्रस्तुत गरेको छ ।

**'बाटैबाटो'**मा जनता, समाज, पार्टी, सरकार र राष्ट्रको लक्ष्य एउटै नबनेका कारण अनेक बाटाको नक्सा कोरिएको तर सबै अपूर्ण रहेको कुरा छ । यसले देशको सवालमा एकै चिन्तन, विचार र लक्ष्य नहुँदा देशले विकासको बाटो नलिएको तितो सत्य ओकलेको छ ।

**'सुनको फूल'**ले नेतृत्वको ज्ञान र क्षमता प्रस्तुत गरेको छ । यसमा सामान्य मानिसलाई नेता बनाएर सुनको फूल पार्ने कुखुरा दिँदा लोभका कारण कुखुरा नै मारेर दैनिक आम्दानीको स्रोत टुटेको कुरा प्रस्तुत छ । यसमा कुखुरा मर्दा नेताले एउटा फूल प्राप्त गरे पनि जनताले केही नपाएको कुरा छ । यसलाई पनि व्यञ्जनार्थमा हेर्दा नेपालमा संविधान बने पनि नेताले आफ्नै स्वार्थमा त्यसको उपयोग गर्ने हुँदा संविधानका नियम मिचिएको कुरा आएको छ ।

**'हातको चरा'**मा केटाकेटी पात्र छन् । केटाकेटीले अचानक रङ्गीचङ्गी प्वाँख भएको चरा हातमा पार्छन् । त्यससँग खेल्दै जाँदा अन्तिममा चरा फुत्केर उड्छ । त्यो हाँगामा गई अरू चरासँग बस्छ । केटाकेटीलाई चरा गुमाउँदा दुःख नलागेको बरु अर्को लिन उफ्रिरहेको कुरा छ । यसमा पाएको चिज सदुपयोग गर्न नसकी अप्राप्य वस्तु प्राप्तिका लागि व्यर्थ प्रयास भइरहेको कुरा छ । यसले नेपालमा प्रजातन्त्र, संविधान आए पनि त्यसलाई सबैले खेलौना बनाउँदा फुत्केको र फुत्काइएको पीडासमेत नलिई अर्कोका लागि समय र श्रम खेर फालिरहेको कुरा गरेको छ ।

**'बम र बेलुन'**मा बेलुनलाई शान्तिको द्योतक मानिएको छ । बालिका बेलुनसँग खेल्न र रम्न चाहन्छे तर बेलुनलाई नेताले खेली बालिकालाई चाहिँ बमसँग खेल्न दिइएको छ । यसमा शान्तिलाई नेताले अपहरण गरी बमचाहिँ जनतालाई दिइएको प्रसङ्ग छ ।

**'ओरालोको सिलसिला'** यस सङ्ग्रहको बाह्रौँ र कृतिको नामकरण भएको कथा हो । यसमा भ्रष्टाचारी प्रवृत्ति घरको चुल्होदेखि सरकारसम्म व्यापक बनेको कुरा छ । सबै जना भ्रष्टाचारी भएका छन् । प्रधानमन्त्रीले भ्रष्टाचार गरेको समाचार पत्रकारले छापेपछि मन्त्रीदेखि खरिदारसम्मलाई त्यसले आश्चर्यमा पारेको तर पिउनलाई भ्रष्टाचारले छोएको छैन । ठुला भ्रष्टाचार समाचारमा आए पनि घरखर्चको सामान किन्न जाँदा हुने भ्रष्टाचार कसैको आँखामा परेको छैन । भ्रष्टाचारी प्रवृत्तिले सबैलाई छोएका कारण देश ओरालोतिर लागेको कुरा यस लघुकथामा वर्णित छ ।

**'अन्धाधुन्ध** दौड'मा नेपालका नेता र कार्यकर्ताको प्रवृत्ति आएको छ । यस कथाले नेपालको सिद्धान्तविहीन र नेतामुखी राजनीतिलाई देखाएको छ । राजनीतिक दलका कार्यकर्तालाई नेताले अन्धो बनाएका छन् । यसकै कारण कार्यकर्तामा विवेक छैन । परिणामतः कार्यकर्ताले यथार्थ बुझ्नुभन्दा नेताले जे भन्यो त्यसलाई अक्षरशः पालन गरी दौडिरहेका छन् । नेपालको राजनीति सिद्धान्तमा नभई नेतामुखी बनेको कुरालाई यस कथामा देखाइएको छ ।

**'राजनीति'**मा जङ्गलमा बस्ने बाघले भेडा नखाई मान्छे खान थालेको छ । यसमा ङ्गलको राजनीति सहर पसेको बताइएको छ । मान्छेको हिंसा गर्न बानी परेपछि बाघले जनावर मारेर नखाने भन्दै अहिलेको हिंसा जङ्गलबाट मानव समुदायमा स्थानान्तर भएको देखाइएको छ ।

**'बजार'**मा हरेक पेसाकर्मीले आफूलाई बेचिरहेको देखाइएको छ । यसमा एउटी तरुनीले फूल बेच्ने पेसा अँगाले पनि फूल नभई उसकै यौवनको फूल विक्री भएको देखाइएको छ । कथामा पेसा नभई यौवनको व्यापार भएको देखाइएको छ । यौन व्यापारले समाज भाँडिन्छ भनी दिनमा विरोध गर्ने नै राती यौनको ओढ्ने ओढ्न पुगेको देखाइएको छ ।

**'अर्थोक'**मा मानिसको व्यापारिक प्रवृत्ति देखाइएको छ । यसमा धार्मिक र पवित्र काममा पनि व्यापार भएको देखाइएको छ । कथामा मन्दिर बनाउन उठाइएको पैसाले मन्दिरका साथै धर्मका ठेकेदारले घर बनाएको देखाइएको छ ।

**'गोष्ठीहरूको देश'**ले गोष्ठी, सेमिनार, छलफल र प्रवचन गर्दै समय, श्रम र लगानी सकिएकोले भनिएको छ । काम गरेर देश विकास गर्नुपर्नेमा कुरा र छलफलमै देश जकडिएको छ । कथाले नेपालको सामाजिक स्थिति र राजनीतिको पर्यावलोकन गरेको छ ।

**'धोएको गधा'**मा गधा धोएर गाई बन्दैन भन्ने उखानलाई गलत साबित गरिएको छ । कथामा नेपालको राजनीति सिद्धान्तमा नभई नेताको पुच्छर बनेको उल्लेख छ ।

**'सामान्य कारण'**मा एउटा शीर्षकभित्र चार ओटा कथानक छ । यसमा आएको अन्तले सबैलाई समेटेको छ । पहिलोमा घाम राम्रोसँग लागेर हावा कतै नचलेका बेला यात्रा सुरु गरे पनि घामकै सहारामा यात्रा गर्ने मानिसको झोला रित्तो भएकोले यात्रीको जीवनमा घनघोर छाया परेको कुरा व्यक्त छ । दोस्रोमा एक्लै हिँडिरहेको ऊ पात्रलाई कसैले आक्रमण गरेको तर उसले प्रतिरोध गर्न (सिप नहुँदा) नसक्दा आक्रमणमा परी मरेको छ । त्यस्रोमा ऊ पात्र राष्ट्र र समाजभित्रकै व्यक्ति भए पनि सहाराविहीन बनेर महँगी, अनैतिकता, अन्याय, कुकर्म र अनादर्शको सिकारमा परी मानिस एक्लो बन्दै गएको छ । चौथोमा ऊ पात्र महाभारतको अभिमन्युजस्तै सत्यमा लाग्दा चारैतिरका छलछाम, ईर्ष्या, बेइमान, अनादर्शका कारण बाँच्न सकेको छैन । यस लघुकथाको अन्तले नेपालमा प्रजातन्त्र आए पनि ऊ पात्रमा धोका षड्यन्त्र, छलछाम, जालझेल आदि नहुँदा एक्लो बनी कसैले नबचाएको स्थिति चित्रित छ ।

**'एक्लो नेता'**मा अस्वस्थ राजनीतिक प्रतिस्पर्धा प्रस्तुत छ । यसले मानिसलाई सबैको नेतृत्व गर्नुपर्ने कुरा गरी अरूलाई तर्साएर, अघि बढ्न नदिएर नेतृत्ववर्ग बसिरहेको देखाइएको छ । कथामा नेतृत्व गर्नुपर्ने कारण पार्टीमा नेता एक्लो परेको कुरा छ । कथाले साथमा अघि बढ्न नसक्ने र अर्काको राजनीतिक नेतृत्व पनि स्वीकार गर्न नसक्ने बेथितिका कारण धेरै दल भई पार्टीमा एक्लै नेता मात्र रहेको यथार्थ प्रस्तुत छ । लघुकथाले नेतामा राजनीतिक नेतृत्व गर्ने चाहना बलवान् रहेकोले सक्षम व्यक्ति पछाडि परेको देखाइएको छ ।

**'अभिभावकत्व'**ले अन्योलग्रस्त राजनीतिक अवस्थालाई व्यङ्ग्य गरेको छ । यसमा बसभाडा वृद्धिका कारण भएको आन्दोलन, आन्दोलनमा भएको तोडफोड प्रस्तुत छ । अभिभावकविहीन आन्दोलन बिचमा तुहिने गरेको यथार्थ एकातिर प्रस्तुत छ भने अर्कातिर निरर्थक आन्दोलनले गाडी तोडफोड भएको, सडक घण्टौँ जाम भएको, बटुवाले व्यर्थमा दुःख पाएको कुरा छ । कथामा बेअर्थमा गाडी फोरिएको, जाम भएको, गाडी जलाउन खोजिएको देखाइएको छ । अभिभावकविहीन देशका कारण आन्दोलनले क्षति मात्र पुऱ्याएको उल्लेख कथामा गरिएको छ ।

'**चङ्गा**'मा राजनीतिक दलका वक्ताहरू एकातिर भाषण गर्न पर्खेर बसेको र अर्कोतिर पार्कमा केटाकेटी खेलिरहेको प्रसङ्ग छ । कथामा दुई फरक प्रसङ्ग छ । पार्कमा खेलिरहेका केटाकेटी अरूले उडाएको चङ्गा चेट भएर आएपछि त्यसलाई पाउन दौडन्छन् । लामो प्रयासपछि चङ्गा भेट्छन् तर सबैले आफ्नो बनाउने कोसिस गर्दा च्यातिन्छ । अर्कोतिर देशको नेतृत्व गर्ने नेताले पनि चङ्गारूपी देशको नेतृत्व आफ्नो पोल्टामा पार्न खोज्दा केटाकेटीले च्यातेको चङ्गाझैँ देशको अस्तित्व च्यातिन थालेको छ । यसले लुछाचुँडीका कारण देश टुक्रिने कुरा गरेको छ ।

'**ढुङ्गा**'मा बाटामा परेको ढुङ्गालाई पूजा गरेकाले देवता बनेको देखाइएको छ । यसमा सबैले पूजा गरून्जेल ढुङ्गा देवता बन्ने तर आँटका साथ फाल्दा फालिने कुरा छ । यसले बिचमा परेको देवता रूपी ढुङ्गालाई नेतृत्व तहले दिएको बाधा मानेको छ । बाटाको देवता रूपी ढुङ्गाले फराकिलो बाटो बन्न नदिँदा हिम्मतका साथ कसैले फालिदिएजस्तै देशको नेतृत्व गरिरहेको देवता रूपी सरकारलाई पनि जरैसहित हटाउनुपर्ने छ । यस कथाले संसारमा कुनै पनि देवता, देवता रूपी व्यवस्था आदि दोबाटोमा बसी विकासको बाधक बन्छ भने त्यसलाई मिल्काउनुपर्छ भनेको छ । संसारमा कुनै पनि कुरा स्थायी हुँदैन । कथाले नेपालको राजनीतिमा देखिने पुरानो सत्ता दोबाटोको ढुङ्गाझैँ फालिएको कुरा गरेको छ ।

'**चिनेको चोर**'मा पाले पसलमा चुरोट किन्न गएका बेला मौका छोपी घरभित्र पसेर चिनजानको चोरले सामान चोरेको छ । चोरलाई कुकुरले चिनेका कारण चोरी सफल बनेको छ । नचिनेको चोरले भन्दा पनि चिनेकै चोरले घर सखाप पारेको छ । ज्ञान र सुझबुझ भएका मानिसले नै घर, समाज र राष्ट्रलाई सखाप पारेको छ ।

न्वारनदेखिको बल झिकेर सामान चोरी भागेको घटनाबाट '**बहस**' लघुकथा सुरु हुन्छ । चोरलाई लखेट्न सुरु गरे पनि कसरी लखेट्ने भन्ने बहसका कारण चोर पक्राउ पर्दैन । यस लघुकथामा अनावश्यक तर्क, विचार र बहसले काम बिग्रने कुरा छ ।

'**पीडा र पैसा**'मा परिस्थिति वर्णित छ । यसमा रामप्रसाद लुइँटेलको छोरो अमेरिका, हरिबहादुर कार्कीको छोरो मलेसिया, मानबहादुर तामाङका दुई छोरा अरब, धनबहादुर गुरूङको छोरो ब्रिटिस लाहुरे गएको कुरा गरी हिरालाल बिकको प्रसङ्ग आएको छ । हिरालालको छोरोले पनि अरूले जस्तै विदेश जान खोज्यो तर पैसा नभएका कारण उसलाई कसैले सहयोग गरेन र ऊ स्वदेशमै बस्न बाध्य भयो । यसरी आफ्नै ठाउँमा बस्दा उसलाई बाबुले विदेश नगएकामा हर्दम गाली गरे । यही कारण ऊ पनि अचानक गाउँबाट हरायो । सन्तान विदेश गएकामा सबै खुसी भए । यही कारण अहिले गाउँमा विदेश जाने कल्पना गर्ने मानिस बाँकी छैनन् । गाउँमा बस्ने आमाबाबु र आफन्त विदेश गएकालाई सम्झेर रून्ने दिन आएको छ । यसरी प्रस्तुत कथामा विदेशमोहले गाउँ शून्य भई रूवाबासी चलेको कुरा छ । यस लघुकथालाई व्यञ्जनार्थमा हेर्दा अहिले नेपाली युवाजनले विदेशमा गएर काम गरी रेमिटेन्स भित्रिँदा देश खुसी भए पनि भोलि पश्चात्तापमा पर्नुपर्ने कुरा गरिएको छ ।

'**जाम**'ले नेपालको सडकमा हुने ट्राफिक जामको विषयलाई उठाएको छ । यसमा ऊ र ऊ पात्रको विदेशी साथी डेभिड बर्नर छन् । डेभिड बर्नरले फोन गर्दा ऊ पात्र जाममा परेको थियो । ऊसँगै पढेको डेभिड बर्नरले काम गरी प्रशस्त पैसा कमाएर मनोरञ्जनका लागि अन्तरिक्षमा घुम्न जाने सोच बनाएको बखतमा पनि नेपालको ऊ भने सडककै जाममा परिरहेको छ । यसमा नेपालमा हुने कामको जामका कारण देश र जनताको उन्नति नभएको

कुरा छ । यसमा नेपालको राजनीतिक, सामाजिक, प्रशासनिक आदि क्षेत्रमा देखिएको अदक्षता प्रस्तुत छ ।

**'एजेन्ट'** पौराणिक मिथकमा आधारित छ । यसमा भष्मासुरले महादेवबाट जे छोयो त्यही भष्म हुने वरदान प्राप्त गर्छ । त्यसपछि भष्माासुर महादेवलाई मार्न अघि सर्छ । आफैले दिएको वरदानबाट प्रताडित भई महादेव भागेर विष्णुको सहारा खोज्न विष्णुलोक, ब्रह्मलोक पुग्छन् । महादेवले विष्णुको सहारा पाउँदैनन् । महादेवले विष्णुलाई बचाउन आग्रह गर्छन् तर भष्मासुरले महादेवलाई विष्णुकै सल्लाहअनुसार आफूले आशीर्वाद लिएको कुरा बताउँछ । रहस्य खुलेपछि आफैले दिएको आशीर्वाद भारी बनेको कुरा महादेवले ठान्छन् । यसमा विष्णुले महादेवको समर्थन गर्नुपर्नेमा भष्मासुरलाई साथ दिई धोका दिइएको छ । महादेवको तेस्रो नेत्रले पनि काम गर्दैन । यसमा नेपालको राजनीतिमा राजाले जनतालाई छाडेको सत्ता, जनताले नेतालाई दिएको वरदान देशका लागि घात बनेको छ । यसमा द्वैध चरित्र निर्वाह गर्नेले नै एजेन्ट भई सबैलाई धोका दिएको प्रसङ्ग छ ।

**'फुटेको नरिवल'** प्रतीकात्मक छ । यसमा ऊ पात्र बाहिर जटा र भित्र रस भएको नरिवल हातमा खेलाउँदै अगाडि बढ्छ । उसले नरिवललाई कहिले हात कहिले गोडाले खेल्छ । उसले नरिवललाई कान छेउमा लगेर हल्लाउँछ । नरिवलले आफ्नै टाउकोमा हिर्काएर पनि रमाउँछ । यसरी उसले नरिवललाई मन लागुन्जेल विभिन्न तरिकाले खेल्छ । खेल्दाखेल्दै नरिवल भुईंमा खस्छ । नरिवल आफै खसेको हो वा टाउकामा हिर्काउँदा लागेको चोटले खसालेको हो ? कसैले थाहा पाउँदैनन् तर नरिवल फुट्छ । नरिवललाई उसले रिसले खसालेको हो या आफै खसेको थाहा छैन भन्दा यहाँ कथाको दुईओटा मध्य भाग वा प्रसङ्ग आएको छ । पहिलोमा नरिवल अर्थात् नारीलाई पुरुषले शिरमा राख्दा चोट दिएको भनी मिल्काएको छ । दोस्रोमा पुरुषले मनोमानी ढङ्गले खेल्दाखेल्दै नरिवल वा नारीको अन्त भएको छ । दुईमध्ये जसरी नरिवल फुटोस्, नरिवलको अन्त भएको छ । फुट्दा नरिवलबाट सेतो तरल बग्छ । त्यो नरिवलको आँसु हो । आँसु उसको रगत थियो । यसरी बाहिर साह्रो भए पनि भित्र रस भएको नरिवल रूपी नारीको अस्तित्व मेटिएको कुरा यहाँ आएको छ । यसमा पुरुषले जीवनयात्राका क्रममा नारीलाई विभिन्न तरिकाले खेल्दा कहिले पीडाको नाममा वा कहिले खेल्दाखेल्दैको क्षणमा फालेर अस्तित्वहीन बनाएको छ । पुरुषबाट खसेपछि नारीमा रहेको रस छताछुल्ल भई पोखिएर खेर जाने कुरा गर्दै प्रकृति रसविहीन हुनुमा पुरुषलाई दोषी देखाइएको छ ।

**'दाबी'**मा मालिकलाई सर्वगुणसम्पन्न पशु चाहिएको विज्ञापन छ । विज्ञापनअनुसार पशुहरूले मालिकसामु आफूलाई सर्वोत्कृट बनाउन लाग्छन् । यसै क्रममा घोडाले भनेजति भारी बोक्ने, गोरूले खेत जोत्न र प्रतिद्वन्द्वीसँग जुधेर मनोरञ्जन दिने, कुकुरले मालिकको रक्षा गर्न सक्ने भनी सेवाको मौका दिन अनुरोध गर्छन् । हरेकले आआफ्ना गुण देखाउँछन् । यस क्रममा सबैलाई उछिनेर मानिसरूपी पशु अवस्था हेरेर मर्न, मार्न, लड्न, लडाउन सक्छु भन्दै सबै जनावरको विशेषता आफूमा रहेको दाबी गर्छ । दाबीअनुसार मानिस सेवक बन्न योग्य बनेको कुरा यस लघुकथामा छ । यस कथामा मानवीयबाहेक सम्पूर्ण पशुको गुणलाई मानिसमा देखाइएको छ ।

**'आन्दोलनको अध्ययन'**मा विद्यार्थी आन्दोलनमा नेता र नेतापुत्र विद्यार्थीको भूमिका छ । नेता पुत्रले शैक्षिक संस्थाको शुल्क वृद्धिको विरोधलाई बाबुले गर्ने राजनीतिसँग जोड्छ ।

उसले सबै साथीलाई समेटी शैक्षिक आन्दोलन गर्छ । आन्दोलन सफल बनाउन राजनीतिक दल पनि परोक्ष रूपमा साथ दिन पुग्छ । आन्दोलन बढ्दै जान्छ । आन्दोलनमा प्रहरी र विद्यार्थीको झडप हुन्छ । दुवैतिर घाइते हुने र मर्ने हुन्छन् । मर्ने र मार्ने क्रममा नेताको छोरा भने विदेश पुगिसक्छ । यसरी यस कथामा नेपालमा नेता र उसका सन्तानबाट आन्दोलन सुरु भए पनि मर्ने बेलामा ती भाग्ने र सामान्य जनता सहिद बन्ने घटना छ । यसले शैक्षिक संस्थालगायतमा हुने आन्दोलनमा राजनीतिक पार्टीको हस्तक्षेप स्वार्थ पूर्तिका हुने गरेको खुलासा गरेको छ ।

'**जीविका**'मा जादुगरलाई नेताका रूपमा लिइएको छ । यसमा जादुगरले चटक देखाएर जसोतसो जीविका धानिरहेकोमा राजनीति गरी अकुत सम्पत्ति कमाएको छ । '**आगामी दिन**' नारीशक्ति र सशक्तीकरणसँग सम्बन्धित छ । यसमा रामी रचनाको घरमा गई कुराकानी गर्दागर्दै रात पर्छ । रातको समयमा रामीले घर फर्कन डर लागेको कुरा रचनालाई सुनाउँछे । रचनाले बाटो लामो नभएकाले एक्लै जाँदा डराउन नपर्ने कुरा गर्छे तर रामी आँट गर्न सक्दिन । त्यसपछि रामीले भाइलाई लिन पठाउन आमासँग अनुरोध गर्छे । जवाफमा आमाले आफूभन्दा सानोको सहारा लिन खोज्ने रामीलाई गाली गर्दै डराउन पढाए-लेखाएको होइन भन्दै फोन राखिदिन्छिन् । यसमा डराएर होइन आँटले अगाडि बढ्नुपर्ने कुरा छ । यसमा पढेलेखे पनि मनोवैज्ञानिक त्रासका कारण नारी अगाडि बढ्न नसकेको देखाइएको छ ।

समुद्र मन्थनका लागि पक्ष र विपक्ष मिलेको कुराबाट '**पुन मन्थन**' आरम्भ भएको छ । समुद्र मन्थन गर्दा दुवै मिली लामो र अथक प्रयास गरेपछि कलम प्राप्त हुन्छ । दुवै पक्ष मिली समुद्र मन्थन गर्दा उनीहरूले जे लेख्यो त्यो साक्षात् रूपमा प्राप्त हुने चमत्कारी कलम प्राप्त गर्छन् । त्यसपछि भने दुवैको सम्झौता भङ्ग हुन्छ । उनीहरू कसले कलम समाउने र कसले के लेख्ने भन्ने विवाद गर्छन् । विवाद गर्दागर्दै द्वन्द्व हुन्छ । द्वन्द्वमा चमत्कारी कलमको निब भाँचिन्छ । कलमको मसी सुक्छ । अथक श्रम र प्रयासबाट प्राप्त गरेको कलम विवाद कारण नाश हुन्छ । त्यस्तै कलम पाउन उनीहरू विदेशी शक्तिको सहयोग लिई अर्को मन्थनको तयारी गर्छन् । यस लघुकथाले नेपालको संविधान बनाउँदा भएको झगडा र संविधान नलेखी खेर गएको समयलाई देखाएको छ । मौका पाए पनि आपसी कलहका कारण समयमा संविधान नपाएको र देशमा अराजकता फैलिएको कुरा यसमा छ । मौका गुमेपछि एउटै कामका लागि पटक पटक प्रयास गर्नुपर्ने स्थितिलाई यसले देखाएको छ ।

'**आयात**'मा ऊ नामक नेपाल पात्र छ । उसको घरमा पहिले नुनबाहेक सबै उत्पादन हुने भएकोले विदेशको भर पर्नुपरेको थिएन तर पछि तोरी, तरकारी, अन्नपात उसको देशमा उत्पादन भएन । उसकहाँ भएको शिक्षा पनि काम लागेन । रोजगारका लागि नेपालीहरू बिदेसिन पऱ्यो । विदेशी कमाइ आएपछि यहाँको घरबुना कपडाको सट्टा नयाँ फेसनका कपडा विदेशबाट आए । गरगहना सुखसुविधाका सामानदेखि काम गर्ने मान्छे पनि विदेशबाट आए । यावत् कुरामा निर्भर बन्दै जाँदा अन्तमा देशमा विचारको खडेरी पर्छ । देश चलाउने विचारसमेत विदेशबाट आयात गर्नुपर्छ । यस लघुकथाले परावलम्बी बन्दै जाँदा नेपालको अस्तित्व सकिने कुरा गरेको छ ।

'**भारी**'मा गधाप्रसाद पात्र रूपमा छ । सुरुमा गधाप्रसादले गाउँको सुखदुःखमा साथ दिई गाउँलेको मन जितेको छ । यही कारण गाउँलेले उसलाई मत दिएर सहरमा पठाउँछन् । ऊ सहरमा गाउँको भन्दा धेरै भारी बोक्न थाल्छ । गाउँमा दुःखको भारी बोक्ने गधाप्रसाद सहर पुगेपछि शिक्षा, स्वास्थ्य, रोजगार, नियमकानुन, व्यवस्था आदिको जिम्मेवारी बोक्न थाल्छ ।

यही व्यस्तताका कारण उसले गाउँमा समय दिन सक्दैन । आफूले पठाएको मानिसले गाउँ हेर्न नपाएको ठानी गाउँलेहरू उसलाई भेट्न सहर जान्छन् । तिनले सहरमा गधाप्रसादलाई सुकिलामुकिला र विदशीको भारी बोक्न थालेको देख्छन् । गाउँलेले गधाप्रसादलाई नभ्याएर होइन सुकिलामुकिलाको भारी बोक्ने बानी पर्दा गाउँ नआएको थाहा पाउँछन् । गाउँलेको भोटले सरकारमा पुगेको नेताले सुकिला लुगा र विदेशीको भारी बोक्दा गाउँलेउपर धोका भएको छ । यसरी यसमा गाउँको सहारामा नेता बनेकाले गाउँलेलाई साथ नदिएको राजनीतिक व्यङ्ग्य छ ।

**'नौलो दृश्य'**मा नेपालको निकृष्ट राजनीति छ । यसमा राजनीतिकर्मीले दिउँसो जनतासमक्ष एकअर्कासँग झगडा गरी सत्तोसराप गरे पनि रातको समयमा विदेशीको संयोजकत्वमा मिलेर बसेको देखाइएको छ । यसमा सिद्धान्त विपरीत विदेशीसामु राजनीतिकर्मी निरीह बनेको देखाइएको छ । यसले नेपालका राजनीतिक दल र नेताको द्वैध चरित्र र स्वार्थ देखाएको छ ।

**'अरूचि'**मा मानिसको कुप्रवृत्ति ज्ञात भएका कारण मानिसले गर्ने काममा कसैको रूचि नहुने कुरा छ । यसमा म र ऊ पात्र छन् । बाघले घाँस खाएको कुरालाई ऊ पात्रले उत्साह रूपमा लिए पनि मानिसले घाँस खाएको कुरालाई नलिएको देखाइएको छ । यसबाट मानिस पशुभन्दा निकृष्ट व्यवहारमा प्रस्तुत हुँदा त्यसले उत्साह नदिने कुरा छ ।

**'लौरो'**मा नेपालका नेतामा देखिने प्रवृत्ति छ । यसमा स्मृतिबहादुर पात्र रूपमा छ । चुनाव प्रचारमा गाउँ जाँदा गाउँलेबाट प्राप्त लौरोले पारि तर्ने नेताले खोला तरेपछि लौरो खोलाकै छेउमा फाले जस्तै भोट लिएर जितेपछि जनतालाई फालेको कुरा यस लघुकथामा छ । जनताको मत प्राप्त गरी चुनाव जित्ने नेताले आफ्नो यात्रा बिर्सेको कुरालाई यसमा देखाइएको छ ।

**'भऱ्याङ'**मा अवसरका लागि मानिस भऱ्याङ बने पनि पछि भऱ्याङ बनाउनेलाई नै नतमस्तक बनाएको कुरा छ । यसमा होटलमा भएको दुईओटा छुट्टाछुट्टै भोजको प्रसङ्ग छ । सुरुमा क महोदयले अड्केको फाइल फुत्काउन मन्त्रीलाई भव्य होटलमा भोज दिन्छ । भोजमा उसले रूपवती तरुनी पनि समर्पण गर्छ । रूपवती युवती भऱ्याङ बन्दा क महोदयको फाइल फुक्छ । दोस्रोपटक कले नै भऱ्याङ बनाएको युवतीले क महोदय र मन्त्रीलाई भोज दिन्छे । त्यसपछि क महोदयकी भऱ्याङ बनेकी युवती उच्च पदमा पुग्छे । क महोदय युवतीलाई नमस्कार गर्न बाध्य हुन्छ । यस कथामा भऱ्याङ बन्न सक्नेले नै मौकाको फाइदा लिएर अगाडि बढ्ने कुरा छ ।

सङ्गृहीतमध्ये 'संस्कार'मा मानिसले अरूलाई सुनाउन बाह्य रूपमा धर्मलाई आडम्बरका रूपमा लिए पनि उसभित्र रहेको आदिम सोचका कारण परम्परित संस्कृतिबाट प्रभावित हुने कुरा व्यक्त छ । 'कमाइ'मा छोराको जन्मसँगै तिलक वा दाइजोका रूपमा कमाइ हुने सोचको विकास नेपालमा पनि भित्रिएको कुरा छ । 'बजार'मा हरेक व्यक्तिले आफ्नो पेसा वा काम बेच्न राखे पनि नारीको यौवन किन्ने ग्राहक धेरै हुने कुरा छ । यस लघुकथामा दिनमा यौन व्यापारको विरोध गर्नेहरू रातको समयमा यौन अखडामा पुग्ने कुरा छ । ' अर्थोक'मा मन्दिर बनाउने, मूर्ति स्थापना गर्ने र धार्मिक क्रियाकलाप गर्नेले नै धर्मलाई व्यापार बनाएको कुरा छ भने 'फुटेको नरिवल' लघुकथाको नरिवललाई लक्ष्यार्थबाट हेर्दा मानव जीवन र विशिष्ट अर्थमा नारीको जीवनलाई नरिवलको दृष्टान्त दिइएको छ । यस कथामा मन परुन्जेल खेल्ने र रहर मरे फालिदिने मानवीय प्रवृत्ति उद्घाटित छ । 'आगामी

दिनमा' नारीले जीवनयात्रामा उमेरले सानै भए पनि पुरुषको सहयोग खोज्ने भएकाले सक्षम हुन नसकेको कुरा छ । यस प्रकार **ओरालोको सिलसिला**मा समेटिएका लघुकथामध्ये यी छ ओटामा सामाजिक र सांस्कृतिक विषयक छन् । त्यस्तै 'लक्ष्य, भुत्ते हतियार, ओरालाको सिलसिला, गोष्ठीहरूको देश, अभिभावकत्व, चिनेको चोर, बहस, जाममा, एजेन्ट, दाबी, अरुचि, भऱ्याङ'मा चाहिँ राजनीतिसँग समीप रहेको सामाजिक विषय प्रस्तुत छ । अरू लघुकथा विशुद्ध रूपमा राजनीतिसँग सम्बन्धित छन् । चौँतिस लघुकथाको विषय राजनीति छ । राजनीतिक विषयकमध्ये पनि कुनैमा प्रत्यक्ष राजनीति छ । कुनैमा प्रतीकलाई प्रयोग गरी राजनीतिक गतिविधि, अप्ठ्यारो, विकृति, खेलाडी, स्वार्थ आदि प्रस्तुत छ । यी कथाले नेपालको समसामयिक घटना, परिस्थिति, जीवन, समाज, राष्ट्र र विदेशी हस्तक्षेपलाई देखाएका छन् । यिनले २०४६ सालदेखि यताको समाज र राजनीतिक चलखेललाई देखाएका छन् ।

## २.२. चरित्र

सङ्ग्रहका लघुकथामा तीन किसिमका पात्र प्रयुक्त छन् । ऊ/उनीहरू/तिनीहरू जस्ता सर्वनाम प्रयोग गरिएका सोह्रओटा लघुकथा छन् । 'संस्कार'मा ऊ (आफूलाई नास्तिक ठान्ने पात्र) र म (लेखक), 'जत्था'मा ऊ (जनता) र तिनीहरू (पार्टीका सेना), 'शुभचिन्तक'मा ऊ (नेता), 'लक्ष्य'मा ऊ (नेपाली जनता/परिवर्तनगामी यात्रु), 'भुत्ते हतियार'मा ऊ (हैकमवादी, शोषक), 'अर्थोक'मा ऊ (व्यापारी), 'सामान्य कारण'मा ऊ नेपाली जनता, 'एक्लो नेता'मा ऊ (पार्टीको नेता), 'चिनेको चोर'मा ऊ (गेटपाले) र घरको मालिक, 'जाममा' ऊ (नेपाली जनता) र डेभिड वर्नर, 'फुटेको नरिवल'मा ऊ (पुरुष पात्र), नरिवल (महिला), 'आयात'मा ऊ (नेपाल राष्ट्र), 'अरुचि'मा म (लेखक) र ऊ (नेपाली जनता) पात्र छन् । 'घरझगडा'मा कसै र कोही पात्र (नेपाली जनता र पार्टीका नेता) छन् । सङ्ग्रहमा आएका म पात्रले भने लेखक पात्रको भूमिका खेलेका छन् ।

सङ्ग्रहभित्रका दशओटा लघुकथामा पात्रको स्पष्ट नाम दिइएको छ । 'कमाइ'मा मारवाडी र म (लेखक), 'बाटैबाटो' (गप्रसाद, मप्रसाद, सप्रसाद जस्ता नेता), 'सुनको फूल'मा नेता, 'अन्धाधुन्ध दौड'मा नेता क, ख र कार्यकर्ता, 'पीडा र पैसा'मा रामप्रसाद लुइँटेलका बाबुछोरा, हरिबहादुर कार्कीका बाबुछोरा, मानबहादुर तामाङका बाबुछोरा, धनबहादुर गुरुङका बाबुछोरा, हिरालाल बिकका बाबुछोरा, 'लौरो'मा स्मृतिबहादुर (नेता) र जनता, 'भऱ्याङ'मा क महोदय (मन्त्रीबाट काम सम्पन्न गराउनुपर्ने पात्र), मन्त्री र तरुनी केटी (सुरुमा भऱ्याङ बनी पछि अरूलाई भऱ्याङ बनाउने पात्र) छन् । 'भारी'मा गधाप्रसाद (नेता), 'नौलो दृश्य'मा पक्ष र विपक्ष दलका नेता, 'आगामी दिनमा' रामी (कमजोर नारी), रचना (रामीको साथी), आमा (उत्प्रेरक), भाइ (पुरुष सत्ता) जस्ता पात्र छन् । 'राजनीति'मा बाघ (जङ्गलको नेता), भेडा (नेपाली जनता) र मान्छे (राज्यको नेता) मानवेतर प्राणीलाई मुख्य पात्र बनाइएको छ भने 'एजेन्ट'मा भष्मासुर, महादेव र विष्णुजस्ता पौराणिक कथाका पात्रलाई बिम्बका रूपमा राखी सामाजिक जीवनका घटनालाई चित्रण गरिएको छ ।

सङ्ग्रहभित्रका लघुकथामध्ये 'हातको चरा'मा केटाकेटी (प्रतीकात्मक रूपमा नेता), 'बम र बेलुन'मा शान्तिको कार्यक्रम गर्ने व्यक्ति (नेता) र बालबालिका, '**ओरालोको सिलसिला**'मा (भ्रष्टाचारी), 'बजार'मा विभिन्न पेसामा आबद्ध पेसाकर्मी, देह बेच्ने आइमाई, 'गोष्ठीहरूको देश'मा गोष्ठीकर्ता र सहभागी, 'धोएको गधा'मा नेता, गधा, कार्यकर्ता, 'अभिभावकत्व'मा आन्दोलनकारी यात्रु, नेपाली जनता, 'चङ्गा'मा नेता र केटाकेटी, 'ढुङ्गा'मा तिनीहरू

(परिवर्तन चाहने मानिस, विद्रोही), 'बहस'मा चोर र तिनीहरू (कुराकानीमा समय बिताउने काम नगर्ने मानिसको जत्था), 'पुनः मन्थन'मा नेता (संविधान बनाउन लागिपरेका नेता) र विदेशी शक्ति, 'दाबी'मा मालिक (नेता), जनावर र मानिस (नेपाली जनता), 'आन्दोलनको अध्ययन'मा (नेता पुत्र, नेता, नेपाली जनता र प्रहरी), 'जीविका'मा (जादुगर नेता) आएका छन् । यी लघुकथामा आएका पात्रले व्यक्ति नभई समूह, खास समाज, वर्ग, समुदाय आदिको प्रतिनिधित्व गरेका छन् ।

सङ्ग्रहका लघुकथाहरू विभिन्न पत्रपत्रिकामा २०५० देखि २०७१ सालसम्ममा छापिएका हुन् । यस आधारमा यी लघुकथाका विषय पनि सोही समयका हुन् भन्न सकिने स्थिति विद्यमान छ । यसका साथै कथानकको आदि, मध्य र अन्त्यको क्रम हेर्दै जाँदा यस सङ्ग्रहमा राखिएका पात्र व्यक्ति, समुदाय, वर्ग, समाज, राजनीतिक क्षेत्र आदिको प्रतिनिधित्व गर्ने प्रकृतिका छन् । सङ्ग्रहमा वर्गीय पात्रको प्रयोग अधिक मात्रामा गरिएको छ । समष्टिमा सङ्ग्रहका सम्पूर्ण पात्र विषयवस्तु र क्षेत्रअनुसार चयन भएका छन् । यी हाम्रै आँखाअगाडि छन् । यिनमा प्रयुक्त पात्रहरूले घटनालाई जीवन्त बनाएका छन् ।

### २.३. परिवेश

यस सङ्ग्रहमा सङ्गृहीत लघुकथामध्ये 'संस्कार'मा मन्दिरछेउको परिवेश छ । यसमा ऊ पात्रले आफूलाई आधुनिक मानेकाले ज्ञानविज्ञानबाट प्रभावित सहरी परिवेश छ । 'जत्था'मा मान्छेलाई बाटोमा समाएको कुरा छ । 'शुभचिन्तक, अन्धाधुन्ध दौड, बजार, गोष्ठीहरूको देश, अभिभावकत्व, नौलो दृश्य र भऱ्याङ'मा सहरिया परिवेश छ । 'कमाइ'मा भारतको प्रभाव नेपालमा परेको उल्लेख गरी दुई देशको परिवेश छ । 'लक्ष्य'मा चौबाटोको कुरा छ । सहर र गाउँ दुवै परिवेशमा घट्ने घटना यसमा प्रस्तुत छ । 'भुत्ते हतियार'मा चोक, गल्ली, टोल र बजारलाई स्थान मानिएको छ ।

सङ्ग्रहमा सङ्गृहीत 'घरझगडा, बाटैबाटो, सुनको फूल, हातको चरा, बम र बेलुन, **ओरालोको सिलसिला**, अर्थोक, धोएको गधा, सामान्य कारण, एक्लो नेता, ढुङ्गा, चिनेको चोर, बहस, एजेन्ट, फुटेको नरिवल, दाबी, जीविका, आगामी दिनमा, अरुचि'का घटनाले नेपालको जुनसुकै ठाउँमा घट्न सक्ने घटनालाई परिवेशका रूपमा ग्रहण गरेका छन् । 'राजनीति'मा जङ्गल र सहरको परिवेश छ । 'चङ्गा'मा रत्नपार्कको सहरिया परिवेश छ । 'पीडा र पैसा'मा रोजगारका लागि नेपाली जाने विभिन्न देश परिवेशका रूपमा छ । यसमा गाउँका मानिस विदेश गएकाले गाउँ शून्य छ । 'जाम'मा विदेश र नेपालको स्थितिलाई तुलना गरिएको छ । 'आन्दोलनको अध्ययन'मा विदेश भनिए पनि नेपालको शैक्षिक संस्था परिवेशका रूपमा आएको छ । 'पुनः मन्थन' र 'आयात'मा देश र राजनीतिक वातावरण परिवेशका रूपमा छ । 'भारी, लौरो'मा गाउँ र सहर दुवै परिवेश छ । यस प्रकार प्रायः लघुकथामा एउटा मात्र स्थानगत परिवेश मुख्य छ । कतिपय लघुकथामा सहर र गाउँ, नेपाल र विदेश, जङ्गल आए पनि ती विगतको वर्णन, संवाद, स्मरणका रूपमा आएका छन् । मूलतः लघुकथाकारले घटना घटेको स्थान एकै बनाएका छन् । त्यस्तै समयका आधारमा 'संस्कार, जत्था, हातको चरा, बम र बेलुन, अन्धाधुन्ध, राजनीति, गोष्ठीहरूको देश, धोएको गधा, सामान्य कारण, अभिभावकत्व, चङ्गा, चिनेको चोर, बहस, एजेन्ट, फुटेको नरिवल, दाबी, आगामी दिनमा र अरुचि' जस्ता लघुकथामा एकै समय आएका छन् भने 'शुभचिन्तक, कमाइ, लक्ष्य, भुत्ते हतियार, घर झगडा, बाटैबाटो, सुनको फूल, **ओरालोको सिलसिला**, बजार, अर्थोक, एक्लो नेता, ढुङ्गा, पीडा र

पैसा, जाममा, आन्दोलनको अध्ययन, जीविका, पुनः मन्थन, आयात, भारी, नौलो दृश्य, लौरो, भऱ्याङ'जस्ता कथामा लामो समय आएको छ ।

मधिकर्मीका लघुकथामा गाउँ, सहर, विदेश परिवेशका रूपमा आए पनि नेपाली समाज र राष्ट्र मुख्य छन् । यिनले राजनीतिक बाधा, राजनीतिबाट उत्पन्न समस्या, पार्टीगत राजनीतिमा देखिने खिचातानी, नेतामा देखिने व्यक्तिगत स्वार्थ, सत्तालिप्सा आदि चित्रण गरेका छन् । यस प्रकार उनका लघुकथामा राजनीतिक, सामाजिक र सांस्कृतिक समस्या प्रस्तुत भएका छन् ।

**२.४. भाषाशैली**

यो २०७२/७३ मै प्रकाशन गर्न खोजिएको सङ्ग्रह हो । यसमा सङ्गृहीत लघुकथालाई डिकोको आधारमा गन्दा 'जत्था'मा ३२३, 'भुत्ते हतियार'मा ३०८, 'अर्थोक'मा ३२२, 'सामान्य कारण'मा ३०१, 'अभिभावकत्व'मा ३२५ शब्द छन् । अर्कातिर 'शुभचिन्तक'मा ७८, 'अरुचि'मा ९२, 'लौरो'मा ९१, 'भऱ्याङ'मा ७० शब्द छन् ।

सङ्ग्रहभित्रका चालिसमध्ये चौँतिसओटा लघुकथा परोक्षअपरोक्ष रूपमा राजनीतिक विषयक छन् । बाँकीमा भने सांस्कृतिक प्रभाव, यौनव्यापार, धर्मका नाममा भएका विसङ्गति र सामाजिक विकृति छन् । सङ्ग्रहका हरेक लघुकथामा लघुकथाकारले बीज वा केन्द्रीय वाक्य प्रस्तुत गरेका छन् । लघुकथामा रहेका यी वाक्यले लघुकथाको गूढ रहस्य बोकेका छन् । यी बीज/केन्द्रीय वाक्यले लघुकथाको आदर्श निर्माण गरेका छन् । **ओरालोको सिलसिलामा प्रयुक्त** वाक्यलाई लघुकथाकारले घटना र पात्रको प्रयोग गरी अगाडि बढाएका छन् । हरेक लघुकथामा देखिने यस्ता वाक्यले लघुकथाको आदर्श बहन गरी लघुकथाको मूल मर्म, धर्म र कर्म बोकेका छन् । गम्भीर रूपमा हेर्दा यिनै वाक्यको वर्णन र विश्लेषण लघुकथामा छन् । कतै यिनै वाक्यबाट कथानक सुरु भई यसको विपरीतमा कथा सकिएका छन् भने कतै पुष्टि गरी सकिएका छन् । अतः मधिकर्मीमा लघुकथाको केन्द्रीय भाव लघुकथामा प्रस्तुत गरी त्यसैको वरिपरि घटना र पात्रको संयोजन गर्दै लघुकथा लेख्ने प्रवृत्ति देखिन्छ ।

मधिकर्मीले कतिपय लघुकथामा घटनाको वर्णनलाई सचेतताका साथ संयोजन गरेका छन् । 'शुभचिन्तक'मा प्रजातन्त्र प्राप्तिका लागि लड्ने व्यक्ति एक्लै थियो । त्यस समय उसलाई आफ्ना नातागोता र आफन्त भेट्न जाँदैनथे तर प्रजातन्त्र प्राप्ति भएर मन्त्री बनेपछि उससँग अनेक साइनो जोडेर आउने आफन्त देखिए भन्ने कुरालाई जोड्न *तर आज स्थिति यो छैन* (पृष्ठ ६) भन्ने वाक्य राखिएको छ । यसले दुई वैपरीत घटनालाई जोडेको छ । 'कमाइ'मा भारतमा रहेको तिलक प्रथालाई सुरुमा देखाइएको छ । त्यसलाई नेपालको सन्दर्भमा जोड्न *त्यसको घर भारतको कुनै सहरमा छ । तर त्यो केही वर्षदेखि यहीँ (नेपालमा) कारोबार गरेर बसिरहेको छ ।* (पृष्ठ ७) भनिएको छ । यसले भारतको घटना नेपालमा सहजै प्रवेश गरेको देखाइएको छ । यसै वाक्यले व्यापारिक मागबाट विकृति विसङ्गति नेपाल प्रवेश गरेको कुरा देखाइएको छ । सङ्ग्रहभित्र लघुकथामा उल्लिखित शैलीबाट फरक विषयलाई सान्दर्भिक, विश्वसनीय र कालिगडीपूर्वक जोडिएको छ । यो प्रवृत्ति लेखन उनको शैली बनेको छ ।

मधिकर्मीका लघुकथाका कथानकले एउटा बाटो लिइरहँदा प्रतीकात्मक रूपमा अर्को घटनाबोध गराएका छन् । यो बिम्ब र प्रतीकको कुशल प्रयोग हो । 'घरझगडा'ले सुरुमा एउटा परिवारभित्रको घटना बोके जस्तै लाग्छ । यसमा घरको संरचना फेर्न परिवारका सबै मिलेर लागेको तर घर भत्किएपछि सबैले आफ्नो विचार, बुद्धि, विवेक प्रयोग गरी आआफ्नो शैलीले घर निर्माण गर्न खोजेका कारण भएको घर भत्किएर नयाँ बन्न नसकेको कुरा छ ।

त्यस्तै, यसलाई समाजको परिप्रेक्ष्यमा हेर्दा भइरहेको विकास बिगार्न सबै तयार भए पनि अहम् र मपाइँत्वका कारण नव निर्माणको काम नभएको कुरा छ । यसैलाई देशसँग जोड्दा नेपालको संविधान, कानुन, विकासनिर्माण भत्काउन सबै मिलेको तर बनाउन आपसमा नमिलेको कुरालाई प्रतीकात्मक रूपमा व्यक्त गरिएको छ । त्यसैले मधिकर्मीका प्रायः लघुकथालाई अभिधार्थमा मात्र नभई लक्षणा र ध्वन्यात्मक तहमा बुझ्न आवश्यक छ । यसप्रकार आफ्नै निजीपनमा लेखिएका कारण भाषाशैलीका कोणबाट उनका लघुकथा उत्कृष्ट छन् ।

**२.५. उद्देश्य**

सङ्ग्रहका लघुकथामा २०४६ देखि २०७१ सालसम्मका नेपालका समसायिक राजनीतिक विषय आएका छन् । 'जत्था'मा सशस्त्र द्वन्द्वका समयमा माओवादीले नेपालीलाई बलपूर्वक लैजाँदा गरेको वितण्डा छ भने 'शुभचिन्तक'मा राजनीतिक द्वन्द्वअघि र सत्तामा पुगेपछि विद्रोहीका आफन्तमा देखिने मनोविज्ञान छ । 'लक्ष्य'मा परिणामको आकलनविना गरिएको राजनीतिले पछि देशलाई समस्यामा पार्ने कुरा छ भने 'भुत्ते हतियार'मा हरेक आन्दोलनपछि आएको सत्ताले जनतामा वितृष्णा दिएको कुरा छ । 'घरझगडा'मा घर, समाज, संस्था, देश आदि भत्काउने बेला एक मत भए पनि बनाउने बेलामा भएको खण्डित मनस्थिति र व्यवहारका कारण भएको विकास नाश भएको कुरा छ । 'बाटैबाटो'मा बहुदलीय व्यवस्थामा व्यक्तितन्त्र हाबी हुँदा आएको विकृति छ । 'सुनको फूल' र 'हातको चरा'मा पाएको कुरा सदुपयोग नगरी नयाँको खोजमा लागेको देखाइएको छ । 'बम र बेलुन'मा देश क्रान्तिमा लागेको बेला शान्तिको बेलुन उडाउँदा निहत्था बालबालिकाको जीवन गएको देखाइएको छ । 'अन्धाधुन्ध दौड' र 'धोएको गधा'मा सिद्धान्तभन्दा व्यक्तिमुखी कार्यकर्ताको जीवन र क्रियाकलाप छ । 'राजनीति'मा जङ्गल बसेर राजनीति गर्ने सहर प्रवेश गरेपछि गरेका अमानवीय व्यवहार छ । 'एक्लो नेता'मा फुटको राजनीति र पार्टीको नेता बन्न खोज्ने प्रवृत्ति छ । 'अभिभावकत्व'मा राष्ट्रिय अभिभावक नभएको देशमा गरिएका आन्दोलनले माग पूरा गर्ने नभई विनाशको कारण बन्ने यथार्थ देखाइएको छ । 'चङ्गा'ले सरकारको नेतृत्व गर्ने नेताको चाहनाले देश सकिन लागेको सङ्केत गरिएको छ । 'ढुङ्गा'ले राजनीतिलगायत हरेक ठाउँमा देखिने आस्थाको पर्खाल ढल्ने कुरा गरी राजकीय शासन नेपालबाट उखलिएको देखाइएको छ । 'चिनेको चोर'मा सरकारलगायत अनेक स्थानमा गएर लुट्ने ज्ञान हासिल गरेकाबाट जनता र देश पीडित बनेको छ । 'बहस'मा अनावश्यक सोच र कुराकानीले व्यक्ति, समाज र देश पछाडि परी असत् पक्षको हालीमुहाली बढेको देखाइएको छ । 'जाम'मा सडक, काम, सरकार आदि जाममा परेका कारण अरू देशभन्दा नेपाल पछाडि परेको देखाइएको छ । 'एजेन्ट'मा एउटा व्यक्तिको दोहोरो चालले नेपालको अस्तित्व सङ्कटमा परेको देखाइएको छ । 'दाबी'मा लोभ र स्वार्थका कारण मानिस पशुभन्दा निच बनेको देखाइएको छ । 'आन्दोलनको अध्ययन'मा नेताको कुप्रवत्ति र नेपाली जनताप्रतिको व्यवहार छ । 'जीविका'मा नेताको बढ्दो वैभव चित्रित छ । 'पुनः मन्थन'मा संविधान नबनेपछि विदेशीले संविधान बनाउन गरेको प्रयास देखाई नेताको दुष्प्रवृत्ति चित्रित छ ।

'आयात'मा नेपालको आर्थिक, कृषि, सामाजिक, धार्मिकलगायत राष्ट्रिय नीति विदेशबाट आयात भएको बताइएको छ । 'भारी'ले सबैको दुःखसुखमा साथ दिने नेता पनि सत्तामा पुगेपछि विदेशीको इसारामा नाच्ने कुरा छ । 'नौलो दृश्य'मा नेपालका पार्टी, सरकार र राजनेता दिउँसो असन्तुष्ट पक्षसँग र रातमा विदेशीसँग मिलोमतो गर्ने कुरा छ । 'अरुचि'ले मान्छे पशु बनेको कुरा उठाएको छ । 'लौरो'ले नेताको खराब नियत प्रस्तुत गर्छ । 'संस्कार'मा व्यक्ति

जतिसुकै आधुनिक भए पनि आदिम संस्कृतिको छाप रहने कुरा छ । 'कमाइ'मा विदेशबाट खराब विचार र संस्कृति नेपालमा भित्री यहाँको सभ्यता बिगारिरहेको कुरा छ । **'ओरालोको सिलसिला'**ले व्यक्तिदेखि सरकारसम्म भ्रष्टाचारी भएकाले देश ओरालोतिर लागेको कुरा गरेको छ । 'बजार'ले मानिसको आवश्यकता फूलमा नभई यौन चाहना पूर्ति गर्नुमा रहेको देखाएको छ । 'गोष्ठीहरू'ले नेपालको विकास कुराकानीमै सीमित रहेको कुरा देखाएको छ । 'अर्थोक'ले धर्म र समाजसेवामा भएको व्यापारलाई देखाएको छ । 'पीडा र पैसा'ले बढ्दो विदेशमुखी प्रवृत्ति देखाएको छ । 'फुटेको नरिवल'ले मानिसमा रहेको आकर्षण र विकर्षण देखाएको छ । 'आगामी दिनमा'ले नारीलाई सक्षम बनाउने प्रयास गरेको छ । 'भऱ्याङ'मा **अरूलाई चढाउन सहयोग गर्नेले नै आफ्नो राजनीतिक, सामाजिक, प्रशासनिक काम सजिलै पूरा गर्ने कुरा छ ।**

### २.६. शीर्षक

यस सङ्ग्रहका चालिस लघुकथाका शीर्षक विषयका आधारमा राखिएका छन् । तिनले आदिदेखि अन्तसम्मको विषयलाई बहन गरेका छन् । 'भुत्ते हतियार, घर झगडा, सुनको फूल, हातको बेलुन, बजार, चङ्गा, ढुङ्गा, फुटेको नरिवल, भारी, लौरो र भऱ्याङ'जस्ता शीर्षक प्रतीकात्मक छन् । बाँकी अभिधात्मक छन् ।

### ३. निष्कर्ष

ध्रुव मधिकर्मीको **ओरालोको सिलसिला**मा राजनीतिक विषयक लघुकथा धेरै छन् । उनका लघुकथामा कथानकको आदि, मध्य र अन्तको शृङ्खला भेटिन्छ । प्रायः ऊ, उनी, तिनीजस्ता सार्वनामिक पात्र छन् । यस प्रकारका पात्रले घटनाको विषयलाई गम्भीर बनाई व्यक्ति, समाज र राष्ट्र हाँक्ने जोसुकै पात्र इङ्गित गर्न खोजको देखिन्छ । प्रथम र द्वितीय पुरुषको कुराकानीमा आउने हरेक व्यक्ति ऊ पात्र बनेको छ । एकादुई कथामा विदेशको नाम र प्रसङ्ग आए पनि अधिकांशमा नेपाली माटो, हावापानी र परिवेश छ । भाषाशैलीका कोणबाट उनका लघुकथा विशिष्ट छन् । उद्देश्यका दृष्टिले सचेत बन्ने र बनाउने प्रयास उनका लघुकथाले गरेका छन् ।

### सन्दर्भ सामग्रीसूची


पहाडी, किशोर (२०७८). *कथाकार मधिकर्मी र उनको प्रिय ऊ पात्र,* **ओरालोको सिलसिला.** काठमाडौँ : सिर्जना अभियान समाज ।

मधिकर्मी, ध्रुव (२०७८). **ओरालोको सिलसिला.** काठमाडौँ : सिर्जना अभियान समाज ।

श्रेष्ठ, शेखरकुमार (२०७७). *सृजनात्मक साहित्यको रूपमा लघुकथा लेखन,* **लघुकथाको सुगन्ध (लघुकथा प्रधान पत्रिका).** चितवन : नमस्ते आधुनिक लघुकथा मञ्च, अङ्क २ ।

श्रेष्ठ, शेखरकुमार (२०७८). *लघुकथाको विधागत स्वरूप,* **लघुकथाको सुगन्ध (लघुकथा प्रधान पत्रिका).** चितवन : नमस्ते आधुनिक लघुकथा मञ्च, अङ्क ३ ।

श्रेष्ठ, श्रीओम रोदन (२०७८). *लघुकथा लेखन र उन्नयनमा लागेका स्रष्टा,* **ओरालोको सिलसिला,** काठमाडौँ : सिर्जना अभियान समाज ।



**सर्जकहरुमा विशेष अनुरोध**

कृपया अन्य पत्रपत्रिका, फेसबुक, अनलाइन पत्रिका आदिमा प्रकाशनका लागि नदिइएका र प्रकाशित नभएका प्रकाशन योग्य रचना मात्र सम्पादनको अधिकारसहित 'शब्दाङ्कुर'मा प्रकाशनार्थ पठाउनुहुन र यस मासिकमा प्रकाशनार्थ पठाइएका रचना अन्यत्र छपाउनुपर्ने भएमा सूचना दिएर मात्र छपाउनुहुन हार्दिक अनुरोध गर्छौं । – **शब्दाङ्कुर परिवार**

# सर्वाङ्ग

राजेश मानन्धर



# समाचार

## स्मृतिग्रन्थ लोकार्पित

**काठमाडौँ** । सीताराम पदमकुमार फाउन्डेसनका अध्यक्ष विश्वमणि गौतमको अध्यक्षता, नेप्रप्र का कुलपति गङ्गाप्रसाद उप्रेतीको प्रमुख आतिथ्य, पूर्व मन्त्री टङ्कप्रसाद ढकालको विशिष्ट आतिथ्य, साहित्यकार शङ्करप्रसाद कोइराला, पूर्व राज्यमन्त्री पदम राई, संविधानसभा सदस्य सीताकुमारी लुइँटेल, स्मृतिग्रन्थका प्रधान सम्पादक कुलप्रसाद पराजुली, प्राज्ञ डा. देवी नेपाल, प्राज्ञ शशी लुमुम्बू, राष्ट्रिय गीतका रचनाकार व्याकुल माइला, डा. विप्लव ढकाल, पूर्व सचिव चन्द्र घिमिरे, साहित्यकार महेशविक्रम शाह, नेपाल उद्योग वाणिज्य महासङ्घका पूर्व अध्यक्ष चण्डीराज ढकाल, प्रा.डा. गोविन्दमानसिंह कार्की, प्रा.डा. शैलेन्दुप्रकाश नेपाल, ज्येष्ठ नागरिक महासङ्घका अध्यक्ष मदनदास श्रेष्ठ, राष्ट्रपति कार्यालयका सचिव भेषराज अधिकारी, ग्रन्थका सम्पादक रमेश पोखरेल, इन्दु सापकोटालगायतको आतिथ्य, उपाध्यक्ष विन्दु अधिकारी ढकालको स्वागत र देवीप्रसाद घिमिरेको सञ्चालनमा सम्पन्न कार्यक्रममा 'ज्येष्ठ नागरिक योद्धा सीताराम ढकाल' ग्रन्थ लोकार्पण एवम् परिचर्चा गरियो । सोही अवसरमा गङ्गाप्रसाद ढकालद्वारा रचित 'निगालझाप्राका सुसेली' कविता तथा गीतसङ्ग्रहको लोकार्पण गरियो । लोकार्पित ग्रन्थका बारेमा प्रा.डा. गोविन्दमानसिंह कार्की, प्रा.डा. शैलेन्दुप्रकाश नेपाल र रमेश पोखरेलले टिप्पणी गरे । सोही समारोहमा ९२ वर्षीय ज्येष्ठ नागरिक गोपाल प्रजापतीलाई सम्मान गरियो ।

## 'बौद्ध दर्शन र मार्क्सवाद' विषयक परिचर्चा र विशेष कविगोष्ठी

**काठमाडौँ** । साहित्य सन्ध्याका अध्यक्ष राम विनयको अध्यक्षता, त्रिवि बौद्ध दर्शन विभागका प्रमुख उपप्राध्यापक **वेदराज ज्ञवालीको प्रमुख आतिथ्य,** नेसंविका शिक्षाध्यक्ष प्रा.डा. भीम खतिवडाको विशेष आतिथ्य, नेराबैकी पूर्व निर्देशक उमा जोशी बोहरा, युद्धप्रसाद स्मृति प्रतिष्ठानका उपाध्यक्ष डा. फणीन्द्रराज निरौला, ऐरावती प्रकाशनका अध्यक्ष रामदेव पाण्डेय, डा. राजेन्द्रप्रसाद अधिकारी, स्रष्टारू बेनीबहादुर थापा, तारक धिताल, भक्ति घिमिरे 'दुर्बोध', गणेश घिमिरे 'मार्मिक', डा. कृष्ण सुवेदी, सूत्र कवि कात्यायन, ललिता दोषी, डम्बर पहाडी 'एलाक', सल्लाहकार वासुदेव अधिकारी, पुण्यप्रसाद खरेल, विन्दु अधिकारी ढकालको आतिथ्य, रमेश पोखरेलको जुम प्रविधि व्यवस्थापन तथा कोषाध्यक्ष गोपालकुमार मैनालीको सञ्चालनमा सम्पन्न सन्ध्याको ४२४ औँ मासिक शृङ्खलामा प्रमुख अतिथिले निम्नलिखित शब्दमा '**बौद्ध दर्शन र मार्क्सवाद**'का विषयमा चर्चा प्रस्तुत गरे, गौतम बुद्ध इसापूर्व ५६३ मा जन्मिए । इसापूर्व ४२३ मा महापरिनिर्माण प्राप्त गरे । कार्ल मार्क्स ५ मई १८१८ मा जर्मनीमा जन्मिएर ६५ वर्ष बाँचे । गौतम बुद्ध मार्क्सभन्दा २,३८१ वर्ष पहिलाका हुन् । गौतम बुद्ध धर्मप्रधान, अध्यात्मप्रधान विचारधाराका हुन् भने मार्क्स आर्थिक समस्यासमेत समाधान गर्ने वैज्ञानिक विचारधाराका प्रवर्तक हुन् । बुद्धले बुद्धत्व प्राप्त गरेपछि असार पूर्णिमाका दिन सारनाथमा सार्वजनिक गरे । त्यसलाई प्रथम धर्मचक्र प्रवर्तन भनियो । त्यसपछि उनी विचार सम्प्रेषण र लोकहितमा लागे । त्यसको चार सय वर्षपछि श्रीलङ्कामा अनिकाल लागेर भिक्षुसमेत भकाभक मर्न लागेपछि धर्म नै नास होला भनेर त्यहाँका राजाले त्रिपिटकमा बुद्ध दर्शन लिपिबद्ध गरे । कार्ल मार्क्सले कम्युनिस्ट पार्टीको घोषणापत्रमार्फत भौतिकवादी विचार सम्प्रेषण गरे । दुइटै दार्शनिकले मानवीय र सांस्कृतिक आन्दोलनबाट रूपान्तरणको विचार सम्प्रेषण गरे ।

मार्क्सले समानता र न्यायमा आधारित समाजनिर्माणका पक्षमा र बौद्ध दर्शनले मानवकल्याण, बुद्धिवादी चिन्तन र सामाजिक परिवर्तनको वकालत गरे । यथार्थ परिवेशको ज्ञानले दर्शन निर्माण हुन्छ भन्ने बुद्ध मान्यता छ । उनले सत्ता, परिवर्तन, कर्म र मुक्तिको चर्चा गर्दै सत्ता भौतिक र चेतनाको सेरोफेरोमा रहन्छ भन्ने मानेका छन् । आत्मालाई अन्तिम सत्य मानेको उपनिषद्लाई नमानी बुद्धले अनात्मवादी दर्शन प्रतिपादन गरे । उनी भौतिकवादी होइनन् । मध्यमार्गी हुन् । उनले अन्तिम सत्यलाई पञ्चस्कन्दा माने र अव्याकृत भने । तत्त्वका बारेमा मार्क्स स्पष्ट छन् । उनले भौतिकवादलाई अन्तिम सत्य भने । उनले सामाजिक अस्तित्वलाई प्रमुख माने । एङ्गेल्सले धर्मलाई भ्रान्ति भने । कारणबाट उत्पन्न भएर विनाश हुने र नयाँ बन्ने अर्थात् यो संसार अनित्य र परिवर्तनशील छ, संसार अस्थिर छ । दृश्य मानवजगत्मा प्राप्त पदार्थका बिचको अन्तरसम्बन्धका आधारमा गति निर्माण हुन्छ । यसमा दुवै विद्वान्को मत समान छ । बुद्धले हामी जे छौँ त्यो कर्मद्वारा निर्धारित हुन्छ, संसारमा विविधता छ, यो संसार ब्रह्माले बनाएको होइन भने । मार्क्सले श्रम जीवनको सार हो, उत्पादनको कर्म हो, स्वतन्त्रताको उदय कर्म वा श्रमद्वारा हुन्छ भने । बुद्धले वृद्धावस्था, रोग, मृत्युको चिन्ता बेहोरिरहेको मान्छेको कल्पना गरी भिक्षु बन्ने अठोट गरे । मावली र आफ्नो गाउँका बिच पानीको द्वन्द्व भएको र बुद्धले शान्तिको वकालत गरेकोले किनारा लगाउन खोजिँदा उनी भिक्षु बने भन्ने मत पनि छ तर बुद्धले मानिसले भोगेका समस्याको समाधान खोज्ने चिन्तन मुक्ति हो भने । उनले **कथावस्तु** ग्रन्थमा सङ्घमा सम्पत्तिको हक हुनुहुन्न भने, वर्णव्यवस्थाको विरोध गरे, जनतान्त्रिक पद्धतिको वकालत गर्दै बहु जनहितायको पक्षपोषण गरे । मार्क्स श्रमको स्वतन्त्रताका पक्षमा लागे र मनलाई मात्र होइन संसारलाई बदल्नुपर्ने धारणा राखे । यसरी मार्क्सभन्दा बुद्धमा रूपान्तरणको प्रखर चेतना रहेको देख्न सकिन्छ ।

गोष्ठीमा महेशराज खरेल, खेमराज निरौला, दुर्गा नेपाली, ओमप्रसाद कोइराला, गोपाल नेपाल, जयन्ती स्पन्दन, तिला लेकाली, अनिता लामा, प्रशान्त खरेल, उर्मिला पन्त पाण्डेयलगायतबाट वाचित रचनाउपर ज्ञानु विद्रोहीबाट टिप्पणी गरियो ।

समाचार सम्प्रेषण : रमेश पोखरेल

**'अक्षर अक्षरमा देश' लोकार्पण**

**पोखरा** । गजलकारका रूपमा परिचित दीपक समीपको मुक्तकसङ्ग्रह **अक्षर अक्षरमा देश**को लोकार्पण साहित्यकारद्वय सरुभक्त र तीर्थ श्रेष्ठबाट गरियो । समीपले झन्डै २ दसकअघि **भूगोलमा नोकोरिएको देश** ल्याएका थिए । कृतिविमोचनपछि नेपाल सङ्गीत तथा नाट्य प्रज्ञाप्रतिष्ठानका पूर्व कुलपति सरुभक्तले ५० कै दशकमा पहिलोपटक कविका रूपमा दीपकलाई भेटेको स्मरण गरे । साहित्यकार सरुभक्तले गजलकारका रूपमा सशक्त उपस्थिति जनाइरहेका समीपको मुक्तककारका रूपमा भएको उपस्थिति आफूहरूका लागि सन्तोषको कुरो भएको बताए । उनले लेखक बन्न कृति प्रकाशनमा हतारिनेका बिच दीपक स्थापित लेखक भएको बताए ।

तीर्थ श्रेष्ठले २०३४/३५ सालतिर पोखरेली युवा सांस्कृतिक परिवारले हरिभक्त कटुवाललाई प्रमुख अतिथि बनाएर टिकटमा मुक्तक कार्यक्रम गरेको सम्झना गरे । उनले भने, 'उनका मुक्तक सुनेरै हामीले मुक्तक कसरी लेख्ने र कसरी वाचन गर्ने भन्ने कुरा सिक्यौँ ।' कवि श्रेष्ठले मुक्तक लेखन सिन्धुलाई विन्दुमा अटाउनु जत्तिकै कठिन कार्य भएको विचार राखे । 'मुक्तक लेख्नु भनेको चौतारीमा बसेर गफ गरे जस्तो होइन ।' उनले भने, 'छोटो लेख्नु

भनेको कठिन कुरा हो ।' उनले मुक्तक लेखन चौतारीमा बसेर बात मारे जस्तो नभएको प्रमाण दीपकको मुक्तक सञ्चयन रहेको धारणा राखे । कवि रमेश श्रेष्ठले दीपकलाई अक्षर जन्माउन सक्ने मस्तिष्क भएका स्रष्टाका रूपमा चिनाए । गजल सञ्चयन प्रकाशनको लामो समयपछि मुक्तकसङ्ग्रह लिएर आएका स्रष्टा समीपले सबैको माया, ममता र स्नेहलाई हृदयले अनुभूत गरेर अग्रजले देखाएको बाटोमा अनुजसँग हातेमालो गरेर हिँड्न चाहेको धारणा राखे । डा. ईश्वरमणि अधिकारीले स्रष्टा चिनारी राख्दै दीपकलाई समकालीन साहित्यमा दीपक भएर बलिरहेको जिकिर गरे । कृति समीक्षा गर्दै नेपाली लेखक सङ्घ कास्कीका अध्यक्ष सञ्जीव पौडेलले समीपलाई समसामयिक विषयचेतका स्रष्टाका रूपमा चिनाउँदै देशको समसामयिक परिवेश नै उनका मुक्तकका विषय रहेको बताए । समीपका मुक्तकमा खास गरी ५ थरी विषय समेटिएको जानकारी उनले दिए । उनले मानवता, प्रेम, देशभक्ति, अस्तित्ववाद, यथार्थवाद समीपको मुक्तकका विशेषता रहेको सुनाए । 'वर्तमान राजनीतिक परिदृश्यप्रति व्यङ्ग्य उनका मुक्तकमा छन् ।' पौडेलले भने, 'नेता नाङ्गै सत्ताको भऱ्याङ चढ्छ र मुक्तककार ठाउँको ठाउँ विद्रोह बोल्छ ।' पौडेलले मुक्तककार समीपले यथार्थको परिदृश्य मात्रै नदेखाई खबरदारी पनि गरेको सुनाए । कार्यक्रममा पोखरेली युवा सांस्कृतिक परिवारका अध्यक्ष मोति भुजेल, संस्थाका पूर्व अध्यक्ष जीवनसागर भण्डारी, साहित्यकार रूपिन्द्र प्रभावी 'कटु', रीता अधिकारी, अर्जुन अधिकारीलगायतले बोलेका थिए ।

समाचार सम्प्रेषण : मोति भुजेल

## सुरभिको १३३ औँ कार्यक्रम

**काठमाडौँ** । सुरभि साहित्य प्रतिष्ठानका सचिव अच्युत घिमिरेको सभापतित्व, रञ्जु खनालको प्रमुख आतिथ्य, उर्मिला पन्त, अभिनव साहित्य समाजका कोषाध्यक्ष घनश्याम प्रसाईंको आतिथ्य, उपाध्यक्ष परशुराम पराशरको सञ्चालनमा भर्चुअल रूपमा सम्पन्न १३३ औँ कथावाचन कार्यक्रममा उर्मिला पन्त पाण्डेय, शारदा पराजुली, घनश्याम प्रसाईं, परशुराम पराशर, रञ्जु खनाल र अच्युत घिमिरेबाट वाचित कथाउपर सभापति अच्युत घिमिरेले टिप्पणी प्रस्तुत गरे ।

समाचार सम्प्रेषण : परशुराम पराशर

## पुरस्कार घोषणा

**काठमाडौं** । हास्यव्यङ्ग्यकार भैरव अर्यालको स्मृतिमा स्थापित 'भैरव पुरस्कार गुठी'बाट नेपाली कला, साहित्य, संस्कृति, सङ्गीत, पत्रकारितालगायतका क्षेत्रमा विशिष्ट योगदान दिने जोकोहीलाई बर्सेनि प्रदान गरिने गरी स्थापित रु १ लाख ११ हजार १ सय ११ को 'भैरव पुरस्कार' २०७८ सालका लागि व्यङ्ग्यकार नरनाथ लुइँटेललाई, १ लाख १ हजार १ सय ११ रुपियाँको 'भैरव वाङ्मय पुरस्कार' संस्कृतिविद् तेजेश्वरबाबु ग्वंगलाई र ५५ हजार ५ सय ५५ रूपैयाँको 'भैरव प्रतिभा पुरस्कार' साहित्यकार विमल भौकाजीलाई प्रदान गर्ने निर्णय गरेको छ । पुरस्कृतको छनोट व्यङ्ग्यकार लक्ष्मण गाम्नागेको संयोजकत्व र साहित्यकार श्रीओम श्रेष्ठ 'रोदन' तथा युवराज मैनालीको सदस्यतामा गठित समितिले गरेको हो ।

**आगामी आकर्षण**

आर.आर. चौलागाईं, के.आर. खम्बु, देवकी केसी, परशुराम पराशर, दीन पन्थी, सुधा म्यान्मा, युवराज मैनाली, मन्दिरा चापागाईं आदि । ।

## शब्दाङ्कुर पाइने स्थानहरू

| | |
|---|---|
| नागार्जुन कम्युनिकेसन, नागार्जुन ५, सीतापाइला, काठमाडौँ | - ९८४३५७१८८२ |
| निरौला बुक्स, कोटेश्वर, काठमाडौँ | - ९८५११-७८६१४ |
| श्रेष्ठ बुक एन्ड न्युज सेन्टर, दमक, झापा | - ०२३-५८४१२५ |
| भट्टराई पुस्तक पसल, विराटनगर, मोरङ | - ०२१-५२४२४३ |
| मुनाल पुस्तक भण्डार, गाईघाट, उदयपुर | - ०३५-४२०८६४ |
| न्यु परजुना स्टेसनरी, सिन्धुली | - ०४७-५२००२५ |
| नारायणी पुस्तक सदन, नारायणगढ, चितवन | - ०५६-५२११८० |
| सुनगाभा बुक्स एण्ड स्टेसनरी, भरतपुर, चितवन | - ०५६-५३१४७० |
| कञ्चन पुस्तक पसल, पोखरा, कास्की | - ०६१-५२४४६६ |
| सिटी बुक एन्ड न्युज सेन्टर, बुटवल, रुपन्देही | - ०७१-५४५२३६ |
| न्यु प्रभात पुस्तक पसल, सुर्खेत | - ०८३-५२००७५ |
| विपिन पुस्तक पसल, महेन्द्रनगर, कञ्चनपुर | - ०९९-५२०१४८ |

## महत्त्वपूर्ण टेलिफोन नम्बरहरू

### सुरक्षा/दमकल/सोधपुछ

प्रहरी कन्ट्रोल १००/दमकल १०१/ट्राफिक १०३/बाल बालिका खोजी १०४/आकस्मिक प्रहरी सेवा ४२२६९९९/सोधपुछ १९७

### हेलो सरकार

१११११/४२११०८७/1111@nepal.gov.np

### एम्बुलेन्स

नेपाल १०२/शिक्षण, सिनामङ्गल ४४७६१५२/शिक्षण, जोरपाटी ४९११००८/कान्तिपुर, तिनकुने ४१११९५७/८५८/नर्भिक, थापाथली ४२५८५५४/४२१८२३०/शान्ताभवन ४४७०१८१/अर्थोपेडिक ४९११७२५/२७४/गङ्गालाल ४३७१३२२/७४/लाइफ केयर ४२२७७३५/मितेरी ६६३१७३६/४०१६/क्यापिटल ४२४४०२२/वेलकेयर ४४२६१८४/सुमेरु ५००३३८८/५००३३९९/परोपकार ४२६०८९१/विशालबजार ४२४४१२१/रेडक्रस ४२२८०९४, ५५४५६६६/६६१२२६६

### शव वाहन

चेम्बर ४२३०२१३/पशुपति आर्यघाट ४४९२९९९/देव कर्नर ४४३४०९३

### अस्पताल

वीर ४२२१९८८/त्रिवि शिक्षण ४४१२७०७/प्रसूति गृह ४२५३२७७/पाटन ५५२२२७८/भक्तपुर ६६१०६७६/मानसिक ५५२२२७८/ कान्ति बाल ४४२७४५२/टेकु ४२५३३९६/निजामती कर्मचारी ४१०७०००/०२/वीरेन्द्र सैनिक ४२७१९४०/४१/नेपाल प्रहरी ४४१२४३०/५३०/नेपाल आँखा ४२५०६९१/तिलगङ्गा आँखा ४२६१२५९/

### शिक्षण कलेज

बिपी, धरान ०२५-५२५५५५/नोबेल, विराटनगर ०२१-४६०७३६/४६१७३५/केयु, काभ्रे ०११-४९०४९७/नेपाल, जोरपाटी ४९११००८/काठमाडौँ, सिनामङ्गल ४४६९०६४/४४७६१५२/नेपाली सेना ०१-४८८१२५९/नेसनल ४२३०७१०/किस्ट ५२०१६८२/पाटन ५५४५११२/१५३/जानकी ०४१-६२०२०२/५२०२०६/नेसनल, वीरगन्ज ०५१-५३२२६०/५२४३२०/साइन्स, चितवन ०५६-५२४२०३/चितवन०५६-५३२९३३/मनिपाल, पोखरा ०६१-५२६४१६/१७/१८/१९/गण्डकी ०६१-५३८५५९५/४६५७/लुम्बिनी ०७५-४११२०१/२/युनिभर्सल, भैरहवा ०७१-५०६१२१/३८/नेपालगन्ज ०८१-५२१५७२/५२३१८२/

# पत्रकार आचार संहिताको पालना गरौँ

**सञ्चार माध्यमले,**

- बालबालिकाको मनोविज्ञानमा नकारात्मक असर पार्ने गरी,
- अपाङ्गता भएका व्यक्तिलाई होच्याउने, आत्मसम्मानमा चोट पुऱ्याउने गरी,
- हिंसा, आतङ्क, अश्लीलता, अपराध प्रश्रय हुने गरी,
- पीडितलाई थप पीडा दिने, अशक्त–असहाय, अल्पसङ्ख्यक महिला तथा जेष्ठ नागरिकको मर्यादा र आत्मसम्मानमा प्रतिकूल असर पर्ने गरी,

कुनै पनि सामग्रीहरू सम्प्रेषण नगरौँ, पत्रकार आचार संहिताको सम्मान गरौँ ।

**नेपाल सरकार**

विज्ञापन बोर्ड

जि.प्र.का. द.नं. ८२/२०५८/५९, गो.हु.का. द.नं. १३/२०७३/७४

## विशिष्ट र आजीवन सदस्यताका लागि अनुरोध

'शब्दाङ्कुर' २०५८ सालदेखि हालसम्म एक अङ्क पनि नटुटाई मासिक रूपमा निरन्तर प्रकाशित हुँदै आएको छ । वर्तमान परिवेशमा यसलाई स्थायित्व प्रदान गरी स्तरीकृत गर्नुपर्ने आवश्यकता महसुस गरिएको छ । यसका लागि यहाँहरूसमक्ष विशिष्ट र आजीवन सदस्यताको प्रस्ताव गरिएको छ । विशिष्ट र आजीवन सदस्यतामार्फत प्राप्त रकमलाई अक्षय कोषका रूपमा राखी उत्पादनमूलक कार्यमा लगानी गरिने छ । लगानीबाट प्राप्त रकम शब्दाङ्कुरको स्तरवृद्धि एवम् स्थायित्व प्रदान गर्ने कार्यमा खर्च गरिने छ । यसका लागि यस मासिकको नाममा प्रभु बैङ्क लिमिटेड (Prabhu Bank Limited) मा Account Name : SABDANKUR SAHITYPRADHA MASIK र Account Number : 0010003056000011 को खाता खोलिएको छ । नेपाल, भारत अथवा विदेशको कुनै पनि ठाउँबाट प्रभु बैङ्क लिमिटेडको उक्त Account Name र Account Number मा रकम जम्मा गरी यस पत्रिकाको विशिष्ट र आजीवन सदस्य बनेर योगदान गर्न सक्नुहुन्छ । विशिष्ट र आजीवन सदस्यता फारम हामीबाट इमेलमार्फत प्राप्त गर्न सक्नुहुन्छ । हुलाकमार्फत पत्रिका उपलब्ध गराइने भएकोले कृपया पत्राचार गर्ने ठेगाना प्रस्ट लेख्न र ठेगाना परिवर्तन भएमा तत्काल जुनसुकै माध्यमबाट खबर गर्नुहुन अनुरोध छ । समयमा पत्रिका प्राप्त नभएको जानकारी जुनसुकै माध्यमबाट प्राप्त भएमा पुनः पठाइने प्रतिबद्धता समेत व्यक्त गर्दछौँ । नेपाली भाषा, साहित्य, कला र संस्कृतिको श्रीवृद्धिमा तपाईंले प्रदान गर्नुभएको अमूल्य योगदानका लागि हार्दिक धन्यवाद ।

| | | |
|---|---|---|
| **विशिष्ट सदस्यता शुल्क**: | नेपाल (नेरु) र भारतमा (भारु) | १०,०००।- |
| | संस्थागत र अन्य मुलुक नेरु | २०,०००।- |
| **आजीवन सदस्यता शुल्क** : | नेपाल (नेरु) र भारतमा (भारु) | ५,०००।- |
| | संस्थागत अन्य मुलुकमा रु | १०,०००।- |